जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २२९ • २०८० साल माघ २ गते मंगलबार (16 January, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नवनिर्मित भवनमा गाइगोठ

# क्याम्पसबाट ठेक्कापट्टाको फाइल नै गायब

अनिल तिवारी

वीरगञ्ज । पर्सा जिल्लाको एक मात्र सामुदायिक क्याम्पसको रुपमा सञ्चालित हरिखेतान बहुमुखी क्याम्पसको नवनिर्मित भवन निर्माणमा व्यापक आर्थिक अनियमितता भएको छ । क्याम्पसका निमित प्रमुखले पूर्व क्याम्पस प्रमुखले भवन निर्माणमा आर्थिक अनियमितता गरेको आरोप लगाएका छन् ।

पूर्व क्याम्पस प्रमुख भगवान यादवले अनियमितता गरेको कारण क्याम्पसबाट ठेक्कापट्टाको फाइल समेत गायब गरिएको निमित क्याम्पस प्रमुख किशोरी रायको आरोप छ ।

पुस १ गतेदेखि क्याम्पसको निमित्त प्रमुखको जिम्मेवारी सम्हालेका रायले वीरगञ्ज ३ आदर्शनगर स्थित ८ कठ्ठा क्षेत्रफल जग्गामा निर्मित १० कोठाको एक तल्ले भवन निर्माण पुरा नहुँदै ठेकेदारलाई पूर्व क्याम्पस प्रमुख भगवान यादवले सबै भुक्तानी दिएको आरोप लगाए ।

पत्रकारहरुसितको भेटमा निमित्त क्याम्पस प्रमुख रायले २ करोड ७४ लाख रुपैयाँमा निर्माण गरिएको नयाँ भवनमा व्यापक आर्थिक अनियमितता भएको उल्लेखगर्दै छानबिनका लागि माग गरेका छन् ।

२०७६ सालमा सन्तोष निर्माण सेवाले इबिडिग मार्फत ठेक्का सकारेर निर्माण गरेको भवनको आधा भन्दा बढी काम अधुरै रहेपनि पूर्व क्याम्पस प्रमुख यादवले निर्माण कम्पनीलाई दुई वर्ष अघि नै सम्झौता अनुसार पूर्ण भुक्तानी गरिसकेको जानकारी भएको रायले बताए ।





आवश्यक कारबाहीको लागि लेखा प्रमुख विनोद यादवसंग ठेक्कापट्टाको फाइल मांग गर्दा उनले पूर्व प्रमुखले नै फाइल लिएको बताएर पञ्छिन खोजेको आरोप लगाए । लेखा प्रमुख यादवले सबै रकम ठेकेदारलाई भुक्तानी भइसकेको मौखिक रुपमा जानकारी दिएको रायले बताए ।

३८ बर्ष देखि क्याम्पस प्रमुखको रुपमा एकछत्र काम गर्दै आएका भगवान यादवले व्यापक भ्रष्टाचार गरेको आरोपहरु लाग्न थालेपछि सञ्चालक समितिले उनलाई अनिवार्य अवकाश दिएको थियो ।

प्रेमप्रकाश खेतान अध्यक्ष रहेको क्याम्पस सञ्चालक समितिको गत मंसिर ३० गते बसेको बैठकले यसअघिका क्याम्पस प्रमुख यादवलाई बर्खास्त गरेर पुस १ गते देखि निमित्त क्याम्पस प्रमुखमा रायलाई नियुक्त गरेको हो । तत्कालीन क्याम्पस प्रमुख यादवले पत्रकारसम्मेलन गरेर नै विरोध जनाएका थिए ।

निर्माण कम्पनीसंग क्याम्पसले गरेको सम्झौतामा ठेक्का सम्झौता भएको दुईवर्ष भित्रमा रंगरोगन सहित भवन निर्माणको काम सम्पन्न गरी मात्र क्याम्पसलाई भवन हस्तान्तरण भएपछि भुक्तानी गर्ने उल्लेख थियो । यसबारेमा पूर्व क्यम्पस प्रमुख भगवान प्रसाद यादव र ठेकेदार सन्तोष पटेलको मोबाइलमा सम्पर्क गर्दा उनीहरुको नम्बरमा आगमन कल निषेध गरिएको जवाफ मात्र प्राप्त भयो ।

हरिखेतान क्याम्पसको अधुरो नव निर्मित उक्त भवनलाई अहिले स्थानीयले गाईगोठ बनाएका छन् । नवनिर्मित भवनको बरण्डा छेउको कोठामा गाई बाँध्ने गरिएको छ । बरण्डा परिसर गाईको गोबर र पिसाबले गन्हाएको छ ।

भवनका अन्य कोठाहरुमा बजारबाट संकलन गरिएका कबाड भण्डारण गरिएको छ । निमित्त क्याम्पस प्रमुख रायले भने अधुरो नवनिर्मित भवनमा राखिएका गाई र कबाडहरु अविलम्ब हटाइने बताए । भवन निर्माणमा गरिएका अनियमितताको कानुनी रुपमा टुङ्गो लागेपछि मात्र अधुरो काम पूरा गरेर भवनमा कक्षा सञ्चालन गरिने रायको कथन छ ।

हरिखेतान क्याम्पसको भवन निर्माणमा अनियमितता भएको आरोप लागेसँगै हाल भवन र सम्पूर्ण कम्पाउण्ड अलपत्र परेको छ । भवनमा कक्षा कोठा सञ्चालन नभएपछि स्थानीय बासिन्दा र कबाड व्यवसायीहरुले प्रयोग गर्न थालेका छन् ।

पर्सा र बारा जिल्लाका विद्यार्थीहरु माझ हरिखेतान क्याम्पस राम्रो मानिन्छ । स्नातकोत्तर सम्मको अध्यापन हुने क्याम्पसमा विद्यार्थीहरुको संख्या पनि राम्रै रहेको छ । सामुदायिक क्याम्पसको विद्यार्थी संख्या घटिरहेको बेला अध्यापनमा जोडदिनु पर्नेमा क्याम्पसको भौतिक संरचनामा आर्थिक अनियमितता गरी अलपत्र बनाइएको छ ।

निमित्त क्याम्पस प्रमुख रायले भवन निर्माणमा भएको आर्थिक अनियमितताको छानबिनका लागि सञ्चालक समितिले पनि सहयोग गरिरहेको बताए ।

'लामो समयदेखि क्याम्पस प्रमुख रहेका यादवले नियमकानुन विपरीतका कामहरु गरेकाले छानबिन हुनु आवश्यक छ ' उनले भने, आर्थिक अनियमिततामा संलग्न रहेका सबैलाई कारवाहीको दायरामा ल्याउन सम्बन्धित निकायहरुमा पत्राचार गरिनेछ ।

## संघीयतालाई जोगाउन आवश्यक : मुख्यमन्त्री यादव

टुडे समाचारदाता

जनकपुधम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले संघीयताको जगलाई बलियो बनाउनका लागि पत्रकारहरुले आ-आफ्नो ठाउँबाट कलम चलाउन आग्रह गरेका छन् ।

सोमबार जनकपुरधाम स्थित अञ्जनी स्वीट्स होटेलमा तिला संक्रान्तिको अवसरमा पत्रकारहरुलाई शुभकामना दिदैं मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारको अगाडी अनेकन चुनौतिहरुका बावजुद संघीयताको संरक्षण, सुशासनको कार्य, विकास निर्माण र प्रदेश सरकारले आफ्नै अधिकारका लागि पनि संघर्ष गरिरहेको भन्दै उनले संघीयतामाथि देखिएको चुनौती चिर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताएका हुन् ।

प्रेस मञ्च नेपाल धनुषाको आयोजनामा भएको शुभकामना आदान-प्रदान कार्यक्रममा मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द्र कुमार ठाकुर, वरिष्ठ पत्रकार हिमांशु चौधरी, रामभरत साह, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कुमार कर्ण, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतलगायतका वक्ताले बोलेका थिए ।






# प्रियजन गुमाउनेहरुको उस्तै छ पीडा

**टुडे समाचारदाता**

पोखरा । माघे सङ्क्रान्ति भएकाले त्यस दिन प्रतिभा अधिकारी पोखरा फूलबारीस्थित घरमा व्यस्त थिईन् । श्रीमान् त्रिभुवन पौडेल काम विशेषले काठमाडौँमा थिए। एक सातापछि पाँचौं विवाहोत्सव काठमाडौँमै मनाउने योजना भए पनि माघे सङ्क्रान्ति परेकाले त्रिभुवन दिउँसो ढिलो भए पनि घर आउनुहुने जानकारी प्रतिभालाई थियो। तर नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य पौडेलको योजना भने त्यस्तो थिएन । परिवारलाई 'सप्राइज' दिन रुचाउने पौडेलले दिउँसोको नभई बिहानै घर पुग्ने योजनाअनुसार विमानको टिकट काट्नुभएको थियो। उनले टिकट काटेको यति एयरलाइन्सको ९ एन-एएनसी एटीआर-७२ विमान जुन त्यसै दिन बिहान १०:५७ बजे विमानस्थल नजिकैको नयाँगाउँस्थित सेती खोँचमा खस्यो । दुर्घटनामा परी चालक दलका चारसहित ७२ जनाले ज्यान गुमाए।



दुर्घटनासम्बन्धी समाचार, तस्बिर र भिडियो समाचार सामाजिक सञ्जाल र सञ्चारमाध्यममा छ्याप्छ्याप्ती हुँदा पनि प्रतिभालाई श्रीमान् पनि त्यही विमानमा सवार हुनुहुन्थ्यो भन्ने हेक्का थिएन । त्यस दिन दिउँसोसम्म सामाजिक सञ्जालमा मृतकको सूचीमा श्रीमान्को नाम देख्दा पनि उहाँलाई विश्वास लागेको थिएन।

"उहाँ (श्रीमान् पौडेल) हरेक समय मलाई 'सरप्राइज' दिनुहुन्थ्यो, अझै पनि ढोकामा आएर के छ बुढी भनेर बोलाउनुहुन्छ जस्तै लाग्छ", प्रतिभाले भने, "सोमबार घर आउन पाउँदिन भन्ने अनि टुप्लुक्क आइपुग्ने, अबेर हुन्छ भनेका दिन पनि छिट्टै घर आएर सरप्राइज दिनुहुन्थ्यो।"

दुर्घटना भएको सोमबार एक वर्ष बित्यो तर प्रतिभालाई एउटा कुराले अहिले पनि सोचमग्न बनाएको छ। "त्यो बेला त्रिभुवन काठमाडौँ जानुअघि साइत हेरेर जानुभएको थियो, त्यसभन्दा अगाडि कतै जाँदा कहिल्यै साइत जुराएको मलाई याद छैन", प्रतिभाले श्रीमान् काठमाडौँ जानुअघिको दिन सम्झँदै भने, "सायद त्यो मृत्युको साइत रहेछ भन्ने सोमबार लागेको छ।"

प्रतिभाको काँधमा श्रीमान् गुमाउनुको पीडासँगथै छोरा र परिवारको पनि जिम्मेवारी छ । त्यसैले छोराकै लागि भए पनि उहाँ आफूलाई सामान्य अवस्थामा ल्याउने प्रयासमा छन् उनी । छोरा इभान अहिले पाँच वर्षमा प्रवेश गर्दैछन् । अटिज्म भएकाले छोराको नियमित उपचार गराइरहनुपर्छ । छोरालाई निको पारेर उनीबाटै श्रीमान्को सपना पूरा गर्ने अठोट पनि प्रतिभासँग छ । "म आफ्नो भविष्यबारेमा अहिले केही भन्नसक्ने अवस्थामा छैन।"

दुर्घटना भएयता न सरकार, न जहाज कम्पनी कसैले पनि आफ्नो अवस्थाबारे सोधपुछ नगरेको उहाँको भनाइ छ । "अरूका लागि त्यो दुर्घटना एउटा दुःखलाग्दो घटना मात्रै होला, तर हाम्रा लागि त जीवन सकिएजस्तो अन्धकार भएको छ", प्रतिभाले पीडा सुनाए।

सोही दुर्घटनामा ज्यान गुमाएका पत्रकार अनिल शाहीकी श्रीमती रेनु गुरुङ पनि त्यो दिन भुलाउन सकिरहनुभएको छैन । "भारतको केरलाबाट घर आउँदै हुनुहुन्थ्यो, म खाना बनाएर उहाँको प्रतीक्षा गरिरहेक थिएँ", उनले भने, "तर त्यस दिनदेखि त मेरो एउटा पखेटा नै गुम्यो, यति छोटो समयमै म एक्लै हिँड्नुपर्छ भन्ने कहिल्यै लागेन।" गुरुङ श्रीमान् गुमाउनुको पीडाबाट आफूलाई सम्हाल्दै दुई छोरा, सासूससुराको जिम्मेवारी निर्वाह गर्दै आएका छन्।

अनिल रेडियो एपोस्टलका प्रबन्धक थिए भने दुबईमा आइटीसम्बन्धी व्यापारको तयारीमा पनि जुटेका थिए । दुई साताअघि दुबईबाट नेपाल आका शाही तत्काल कामविशेषले केरला पुग्नुभएको थियो। अनिलले आफू पोखरा आउने बित्तिकै सपरिवार दुबई घुम्न जाने योजना बनाएका थिए।

प्रतिभा र रेनुको जस्तै त्यो दिन पोखराका मदनकाजी श्रेष्ठको परिवारमा पनि ब्रजपात भयो । मदनकाजीले कान्छा छोरा डा सुशील श्रेष्ठ, बुहारी डा सोना दिवाकर श्रेष्ठ र नाति शर्भिनलाई गुमाए । सन्तान गुमाउनुको पीडाबाट मनदकाजी अझै बाहिर निस्कन सकेको छैन। "मानवीय त्रुटिका कारण भएको दुर्घटनाका दोषीले सजाय पाउनै पर्छ", उनले भने।

दुर्घटनाको छानबिन गर्न घटना भएकै दिन गठित दुर्घटना जाँच आयोगले गत पुस १२ गते सरकारलाई बुझाएको प्रतिवेदनमा मानवीय त्रुटिलाई कारक मानेको थियो । पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको थियो । प्रतिवेदनमा 'पाइलटले फ्लेप लिभर तान्नुपर्नेमा 'कन्डिसन लिभर' तानेको देखिएको र जसले गर्दा जहाज 'फिदर कन्डिसन' मा गएपछि अगाडिको 'मोसन' जहाजले नपाएकाले दुर्घटना भएको उल्लेख छ।

आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठबुँदे सुझाव दिएको छ। उडान समयमा पोखरा अन्तरराष्ट्रियविमानस्थलकोमौसम, 'भिजिबिलिटी' तथा प्राविधिक पक्ष राम्रो रहेको जनाइएको छ।

# संविधान प्रदत्त अधिकारलाई सुदृढ गरेर अगाडि बढौं : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालको संविधानले पहिचान र अधिकारका क्षेत्रमा धेरै अधिकार संस्थागत गरेकाले प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति रचनात्मक भूमिका खेल्नुपर्ने बताउनुभएको छ।

काठमाडौँको टुँडिखेलमा आयोजित थारू समुदायको माघी पर्वलाई सम्बोधन गर्दै उहाँले प्राप्त भएको अधिकारलाई संस्थागत गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो । प्रधानमन्त्रीले वर्तमान संविधान राजनीतिक सन्तुलन र सहमतिको दस्तावेज भएको कुरामा जोड दिँदै अधिकारको रक्षा र सुदृढ नगर्दा वर्तमानका उपलब्धीसमेत गुम्नसक्नेतर्फ सम्पूर्ण नेपालीलाई सचेत गराउनुभएको छ।




प्रधानमन्त्रीले दाहालले भन्नुभयो, "नेपालको संविधान देशमा विद्यमान राजनीतिक शक्तिहरूको सन्तुलन र सम्झौताको दस्तावेज भएका कारण उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदायका महत्वपूर्ण मागहरू सम्बोधन भए पनि संविधानमा सम्पूर्ण अधिकार न्यायोचित ढङ्गले व्यवस्था गर्न सकिएको छैन। यसका लागि प्राप्त अधिकारको रक्षा र सुदृढीकरणसहित थप अधिकारका निम्ति रचनात्मक पहल लिन आवश्यक छ।"

नेपालका भूमिपुत्र थारु समुदाय कर्मठ र इमानदार जातिका रूपमा आफ्नो छवि र पहिचान रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले अन्य जाति जनजातिलाई पनि श्रम संस्कृति र राष्ट्र निर्माणको पक्षमा सकारात्मक प्रेरणा र ऊर्जा प्रदान गरेको बताउनुभयो।

"तपाईहरूको संस्कृति र परम्परा कृषि एवं श्रम संस्कृतिमा आधारित रहँदै आएको छ, जसबाट देशको उर्भर भूमि अपार सम्भावनामा परिणत भएको छ। त्यसकारण पनि तपाईहरूको मेहिनत र परिश्रम सिङ्गो देश निर्माणको महत्वपूर्ण आधारशीला रहिआएको छ। त्यही संस्कृतिको प्रवर्द्धन र विकासको रूपमा आज हामी माघी पर्व मनाउँदैछौँ, जुन तपाईहरूको सबैभन्दा ठूलो पर्वसमेत हो।" प्रधानमन्त्रीले भन्नुभयो।

नेपालको राजनीतिक आन्दोलनमा थारू समुदायको महत्वपूर्ण योगदान रहँदै आएको उल्लेख गर्दै प्रधानमन्त्रीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा थारु समुदायको संघर्ष र बलिदान रहेको स्पष्ट पार्नुभयो।

थारू आयोगले थारू सम्वद्ध नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने तथा सुझाव दिने, सरकारद्वारा सञ्चालित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र समुदायको सशक्तीकरणका लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरिरहेका प्रधानमन्त्रीको कथन छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानमा व्यवस्था गरिएका अधिकारको रक्षा र सुदृढीकरणसहित थप अधिकारका निम्ति रचनात्मक ढङ्गले प्रस्तुत हुन प्रधानमन्त्रीले अपिल गर्नुभयो । यस पर्वले सामाजिक न्याय, सुशासन र समृद्धिको राष्ट्रिय सङ्कल्प र प्राथमिकतामा केन्द्रित हुन थप उत्प्रेरणा मिल्ने प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा थारु समुदायका सांस्कृतिक भेषभूषासहितको प्रदर्शनी गरिएको थियो।रासस

# कुमाल समुदायको माघे सङ्क्राति

**टुडे समाचारदाता**

भरतपुर । आफ्नो पहिचान र संस्कृतिको संरक्षणको लागि देशभरका कुमाल समुदाय अगुवाहरु चितवनमा भेला भएर माघे सङ्क्राति पर्व मनाएका छन् । कुमाल समाज नेपालले पहिलोपटक चितवनको गोलाघाटमा विशेष कार्यक्रम आयोजना गरेको छ। कार्यक्रमको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले कार्यक्रमको शुभारम्भ गर्नुहुँदै सबै जातजाति र धर्मसंस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने बताए । उनले महानगरपालिकाले कुमाल समुदायको संस्कार संस्कृति संरक्षणका लागि सहायोग गर्ने बताए। यही पुस २८ गतेबाट सुरु भएको कार्यक्रम सोमबार प्रकृतिको पूजासँगै समापन हुँदैछ । कुमाल समुदायले माघे सङ्क्रान्तिलाई माघे सङ्क्राति भन्छन् । आफ्नो पहिचान स्थापित गराउनका लागि पहिलोपटक ठूलो मेला लगाएको कुमाल समाज नेपालका केन्द्रीय अध्यक्ष तेलबहादुर ( कुमालले जानकारी दिए। राप्ती र नारायणी नदीको सङ्गमस्थल गोलाघाटमा बृहत् सांस्कृतिक कार्यक्रमसहित कार्यक्रम आयोजना गरेर कुमाल समाजको केन्द्रीय समितिले देशभरका कुमाललाई एकै ठाउँमा उभ्याउने प्रयास गरेको उनले बताए।




सांस्कृतिक कार्यक्रमसहित मौलिक भेषभूषा प्रदर्शनको साथै युवा पुस्तालाई पहिचानसम्बन्धी प्रशिक्षण दिइएको छ । मेला परिसरमा कुमाल जातिको पुरानो मौलिक घरसमेत निर्माण गरिएको छ । गोलाघाटको नदीकिनारमा सबैभन्दा आकर्षणको केन्द्र यही घर बनेको छ।

मेलाका प्रचारप्रसार संयोजक राजन कुमालका अनुसार माघे सङ्क्राति कुमाल समुदायका लागि सबैभन्दा ठूलो पर्व पनि हो। पछिल्लो समय कुमाल जातिको आफ्नै मौलिक संस्कृति, भाषा र परम्परा लोप हुँदै गइसकेको हुँदा संरक्षणका लागि नि यस्ता कार्यक्रम आवश्यक पर्न थालेको उनले बताए। चितवन जिल्लामा अधिकांश कुमाल बाहिरी जिल्लाबाट बसाइ सरेर आएको हुँदा तीन पुस्ता पहिलेदेखि नै भाषा, संस्कृति लोप भइसकेको उनले बताए।

कुमाल जातिमा माटोको भाँडा बनाउने परम्परा पनि करिब करिब लोप भइसकेको हुँदा मौलिक सीप संरक्षण र संवर्द्धनका लागि पनि यो मेला विशेष हुने उहाँ बताउनुहुन्छ । कुमाल जातिले माटोको भाँडा बनाउने पेसा अपनाउने कुरा थाह पाए पनि चितवनमा अहिलेसम्म कुनै पनि कुमालले यो काम गरेको पाइएको छैन।

नेपाल कुमाल समाजले कुमाल समुदायको लागि माघे सङ्क्रान्ति दसैं, तिहारभन्दा ठूलो पर्व भएको जनाएको छ । यस पर्वका बारेमा सरकारले सम्बोधन गरोस् भनेर भरतपुरमा यो पर्वको अवसरमा कार्यक्रम आयोजना गरिएको समाजले जनाएको छ। कुमाल समुदाय देशका ७० जिल्लामा बसोबास गर्छन्।

पछिल्लो जनगणना अनुसार एक लाख २९ हजार सात सय दुई रहेका छन्। यस कार्यक्रममा ७० जिल्लाबाट झण्डै छ हजार कुमाल समुदायका मानिस सहभागी भएका छन्। सोमबार कुमाल समुदायमा बिहानै घरको मुली खोलामा गएर नुहाएपछि घरमा आइ पितृको नाममा पानी चढाए।

त्यस्तै कुखुरा काटेर चामल र रगतमा मुछेको टिका लगाइएको कुमाल समाज नेपालले जनाएको छ। सोमबार माघे सङ्क्रान्तिको दिन छोरी कुटुम्बलाई घरमा बोलाएर पुजिएको छ भने कुखुरा, सुँगुरको मासु, माछा, सेलरोटी, खुदौरो, भाते जाँड जसता मिठामिठा परिकार तथा प्राकृतिक फल खान दिइएको छ।

# वर्षा र हिमपातको सम्भावना

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालमा हाल पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। साथै बङ्गलादेशको दक्षिण भू-भाग आसपास रहेको न्यून चापीय प्रणालीको समेत आंशिक प्रभाव छ। यही कारण हल्का वर्षा र हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार अहिले पहाडी भू-भागमा आंशिक बदली रहनुका साथै तराईका अधिकांश स्थानमा हुस्सु/कुहिरो लागेको छ। दिउँसो पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ।

कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

रातिको समयमा पनि कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा तथा हल्का हिमपातको सम्भावना छ। सोमबार काठमाडौँको न्यूनतम तापक्रक ५ दशमलव २ र अधिकतम तापक्रम १९ दशमलव ५ डिग्रीसेल्सियस रहेको छ।

# भागदौड हुँदा आठ घाइते

**टुडे समाचारदाता**

काठमाण्डु । माघी मनाउन टुँडिखेलमा जम्मा भएकाहरुबीच भागदौड हुँदा आठ जना घाइते भएका छन् । टुँडिखेलमा माघे सङ्क्रान्तिको अवसरमा मगर र थारु समुदायले आयोजना गरेको छुट्टा-छुट्टै कार्यक्रममा सहभागीबीच भागदौड हुँदा उनीहरु घाइते भएका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए।



उपरीक्षक ढुङ्गेलले भने, "सोमबार टुँडिखेलमा ठूलो सङ्ख्यामा थारु र मगर समुदायका व्यक्ति माघी मनाउन जम्मा भएका थिए। भीडमा भागदौड हुँदा आठ जना घाइते भएका छन्।"

घाइतेहरुको उपचारका लागि वीर अस्पतालको ट्रमा सेन्टरमा भर्ना गरिएको उहाँको भनाइ छ। महोत्सवमास्थलमा प्रवेश गर्ने र बाहिरिनेबीच धकेलाधकेल हुँदा उनीहरु घाइते भएको प्रहरीको भनाइ छ।


## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथुन | : सुख समृद्धि हुने। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



माघे सङ्क्रान्ति अर्थात मधेसको तिला सङ्क्रान्ति पर्वको अवसरमा सोमबार जनकुपरधामधामको जानकी चोकका युवाहरुले विगत १२ वर्ष देखि आयोजना गर्दै आएको खिचडी भोजमा सहभागी नेपाली कांग्रेसका नेता तथा संघीय सांसद विमलेन्द्र निधि लगायत। *तस्बीर :रासस*


# सिरहामा २३ वटा पुल निर्माण सम्पन्न

**टुडे समाचारदाता**

सिरहा । पूर्वपश्चिम जाने राष्ट्रिय लोकमार्ग अन्तर्गत सहरी क्षेत्रमा ६ लेन र सहरी क्षेत्र बाहेक निर्माण भइरहेको चार लेन सडकमा पर्ने २५ मध्ये २३ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ । पश्चिममा ममला र पूर्वमा कञ्चनपुर रुपनगरसम्म दक्षिण एसियाली मापदण्ड अनुसारको ८७ किलोमिटर सडक दुर्घटना कम गर्ने उद्देश्यले फराकिलो सडक निर्माण कार्य भइरहेको छ।

निर्माण कार्यमा खटिएका आवासीय इन्जिनियर मनिष श्रेष्ठका अनुसार सिरहामा पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। बाँकी रहेको दुई पुल निर्माण कार्यलाई पनि तीव्रता दिइएको छ। एक किनारामा ७० प्रतिशत पिच निर्माणको कार्य पनि पुरा भएको छ । सम्पूर्ण कार्यको ७० प्रतिशत आगामी ६ महिनामा सम्पन्न हुने लक्ष्य छ । लहान नगरपालिका सहरी क्षेत्रमा विद्युत प्राधिकरण लहान शाखालाई सहरी क्षेत्रको विद्युत् खम्बा र खानेपानी कार्यालयले खानेपानीका पाइप हटाउन ढिलाइ गर्दा समस्या भएको छ। जबकि विद्युत् कार्यालय लहानलाई दुई करोड र खानेपानी कार्यालय लहानलाई एक करोड तीस लाख निकासा समेत गरिसकेको छ।

लहान नगरपालिकामा निर्माण अघि बढाउँदा दुबैतर्फ नक्सा अनुसार पर्खाल हाल्नुपर्ने कार्यले लहानको मौलिकता र इतिहास नै लोप हुने भएकोले पर्खाल लगाउन नहुने लहान नगरपालिकाको पत्र आएकोले यसमा सहमति जुटाउन आवश्यक देखिएको इन्जिनियर श्रेष्ठले जानकारी दिए। पर्खालको ठाउँमा पिलर हाल्न सके धैरै राम्रो नसके पारित नक्सा अनुसार नै कार्य अघि बढाउन पुस ३० गते आइतबार छलफलको लागि सरोकारवालाहरूलाई राखेर छलफल गरिएको सिरहा-१ क प्रदेशसभा सदस्य राजेन्द्र प्रसाद चौधरीले जानकारी दिए।



तलबाट जाने (अन्डरपास) अन्तर्गत पर्खाल लगाउँदा लहानको इतिहास र मौलिकता हराउनुको साथै लोकमार्गमा व्यापार नै चौपट हुने धारणा नगरप्रमुख महेश प्रसाद चौधरी, नगरपालिकाका कानुनी सल्लाहकार सन्तोष कुमार सुवेदी लहान-५ का वडाध्यक्ष मो करिमले राखे।

उनका अनुसार छलफलमा उद्योग वाणिज्य संघ सिरहा लहानका अध्यक्ष विकास शारडा, संघीय सांसद गङ्गाप्रसाद यादव, प्रदेश सभा सदस्य ललिता दास, लहान नगरप्रमुख महेश प्रसाद चौधरी, नेकपा एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य सत्य नारायण यादव लहान नगर कमिटीका नेकपा एमाले अध्यक्ष राज कुमार साह, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष हेमन्त कुमार यादव र लहान नगरपालिकाका विभिन्न क्षेत्रका अगुवा सरोकारवालाहरूको बिचमा छलफल गरिएको थियो।

लहान नगरपालिकाको मुख्य चोकमा रहेका मधेश आन्दोलनमा शहादात प्राप्त गरेका रमेश महतो, विजय सहनी, प्रमोद सदाय, बेचन यादव र अनिस अन्सारीको सालिक हटाएर शालिक रहेको स्थानदेखि ५० मिटर दक्षिण राखिने सर्वदलीय निर्णय लहान नगरपालिकाको कार्यलयमा नगरप्रमुखको उपस्थितिमा भएको निर्णयलाई कार्यान्वयन गरी सहरी क्षेत्रमा ओभरपास र अन्डरपास निर्माणमा सहयोग गर्नुपर्ने प्रदेशसभा सदस्य ललिता दास, नेकपा एसका केन्द्रीय सदस्य सत्य नारायण यादव, नेकपा एमाले लहान नगर अध्यक्ष राजकुमार साह र नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष हेमन्त कुमार यादवले नगरप्रमुख महेश प्रसाद चौधरीलाई ध्यान आकर्षित गराएका थिए।

शहीद पार्क राखिने ठाउँमा नगरपालिकामा निर्णय भएकै एक दुई दिनपछि त्यस ठाउँमा महादेव र हनुमानको मूर्ति स्थापना गर्दा लहान नगरपालिकाले कुनै चासो नलिइँदा ध्यान आकर्षण गराउनु परेको सहभागीहरूले धारणा व्यक्त गरेका थिए।

# स्वास्थ्य बीमीतलाई दश प्रतिशत रकम मात्र तिर्नुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । सोमबारदेखि स्वास्थ्य बीमा बोर्डले बीमा कार्यक्रमअन्तर्गत उपचार गर्ने बीमितले उपचार खर्चबापत १० प्रतिशत रकम मात्र (सहभुक्तानी) तिर्नुपर्ने हुन्छ।

बोर्डले सोमबारदेखि स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवा उपभोग गरेबापत लाग्ने खर्चको १० प्रतिशत रकम बीमित बिरामीले आफैँलेतिर्नुपर्ने बोर्डका कार्यकारी निर्देशक डा दामोदर बर्सौलाले जानकारी दिए।




यसअघि बोर्डमा आबद्ध भएकाले कुनै पनि बीमितले उपचार गरेबापत खर्च तिर्नुपर्दैनथ्यो । पाँचजना परिवारसम्म सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरी एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था रहेको छ । उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रुपमा सहभुक्तानी प्रणाली लागू गरिएको बताए।

"बीमितले अनावश्यक रुपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले," उनले भने, "त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौँ।" उहाँका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र र २५ शय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने छ।

सहभुक्तनी प्रणाली सङ्घीय अस्पताल, २५ शय्याभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल र सबै निजी तथा सामुदायिक अस्पतालमा लागू हुनेछ। अहिलेसम्म कूल ७४ लाख ६६ हजार सातजना बीमा आबद्ध रहेको र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएको बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिए । उहाँका अनुसार अहिले सक्रिय बीमित ४८ लाख ५९ हजार पाँच सय १५ जना रहेका छन्।

यस्तै अति गरिब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अति अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिनुपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ।

# चिसोका कारण जनजीवन प्रभावित

**टुडे समाचारदाता**

इनरुवा । केही दिनदेखि बढेको चिसोका कारण सुनसरीको जनजीवन प्रभावित भएको छ । सोमबार बिहानदेखि लागेको बाक्लो हुस्सु र चिसो हावाका कारण सदरमुकाम इनरुवासहित जिल्लाको विभिन्न ठाउँको जनजीवन प्रभावित भएको हो।

चिसोका कारण इनरुवा, भोक्राहा, कोशी, गढी, दुहबी, रामधुनी, इटहरी, धरान, बराहक्षेत्र, हरिनगर, देवागञ्जलगायत क्षेत्रमा बसोबास गर्ने स्थानीय बढी जोखिममा रहेका स्थानीय चन्दन मेहताले बताए । दैनिक रुपमा मजदुरी गरेर जीविकोपार्जन गर्नेलाई काममा जान समस्या हुन थालेको कोशी गाउँपालिका-६ का भटाई सदाले बताए।

**एकचालिस थान कम्बल हस्तान्तरण**

केही दिनदेखि बढेको अत्यधिक चिसोबाट जोगाउनका लागि उद्योग वाणिज्य सङ्घ इनरुवाले जिल्ला प्रशासन कार्यालयले गए राति ४१ थान कम्बल हस्तान्तरण गरेको छ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलाई अतिविपन्न परिवारलाई वितरण गर्न कम्बल हस्तान्तरण गरिएको सङ्घका अध्यक्ष वीरेन्द्रकुमार साहले बताए।

आर्थिक अवस्था कमजोर भएका परिवारलाई चिसोबाट बचाउन वाणिज्य सङ्घले २१ थान र नेपाल-भारत मैत्री सङ्घले २० थान कम्बल वितरण गरेका सङ्घका

# काँचो माटोबाट घर बनाउन प्रोत्साहन नगर्न आग्रह



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गोला ढुङ्गा र काँचो माटोबाट बनेका घर निर्माण गर्न प्रोत्साहन नगर्न अनुरोध गरेको छ । गोला ढुङ्गा र काँचो माटोबाट बनेका घर भूकम्पबाट अति जोखिममा रहने भएकाले यस्ता घर निर्माणमा कसैलाई पनि प्रोत्साहन नगर्न अनुरोध गरेको हो।

जाजरकोट भूकम्पमा परेर क्षति भएका घरहरु यस्तै ढुङ्गा र काँचो माटोबाट बनेका धेरै रहेको बताउँदै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यसतर्फ सर्वसाधारण पनि आफैँ सचेत हुनुपर्नेमा जोड दिए। उनले सरोकारवाला निकाय तथा स्थानीय तहले यस्ता घर निर्माणमा प्रोत्साहन गर्न नहुने बताए।

पोखरेलले कर्णाली प्रदेशमा यस्ता काँचो माटो र डल्लो ढुङ्गाबाट बनेका घरहरु करिब ८० प्रतिशत रहेको जानकारी गराउँदै अब गोला ढुङ्गाबाट घर नबनाउन अनुरोध गर्नुभयो। "स्थानीय स्रोत साधनबाट पनि राम्रा र बलिया घरहरु बन्छन् । भूकम्प प्रतिरोधी घर निर्माणका लागि आवश्यक ज्ञान सीप दिन जरुरी छ", उनले भने, "घर कसरी बलियो र भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने ज्ञानको अभाव देखिएको छ । जसले चुनौती खडा गरिरहेको छ, अब पालिकालाई त्यो सीप र ज्ञान प्रदान गरेर नागरिकसम्म पुऱ्याउनुपर्छ।"

प्रमुख कार्यकारी अधिकृत पोखरेलले प्राधिकरणले अब गोला ढुङ्गाबाट घर बनाउने चलनलाई अन्त्यका लागि योजना बनाएर अघि बढ्ने बताए । उनले विपद् व्यवस्थापनको प्रमुख जिम्मा स्थानीय तहको बढी हुने भएकाले पालिकाले यस विषयमा बढी ध्यान दिनुपर्नेमा जोड दिए । तीनै तहका सरकारसँगको समन्वयमा मात्रै विपद् व्यवस्थापनका काम प्रभावकारी गर्न सकिने प्राधिकरणको भनाइ छ। "जाजरकोट बारेकोटमा हेर्दा खानीका ढुङ्गा प्रयोग भएको पाइएको छ। जहाँ खानीका ढुङ्गा प्रयोग भएका छन्, त्यहाँ क्षति कम भएको देनिन्छ। जहाँ गोला ढुङ्गा प्रयोग भएका छन् त्यहाँ क्षति बढी भएको छ", पोखरेलले भने। भूकम्प प्रतिरोधी घर निर्माणमा सर्वसाधारणलाई प्रोत्साहन गर्न प्रधिकरणले योजना बनाइरहेको उनले जानकारी दिए।

प्राधिकरणले गोला ढुङ्गालाई काट्ने फलामको आरोको बन्दोबस्त गर्ने जनाउँदै पोखरेलले सहरी विकास मन्त्रालय तथा प्राधिकरणले पुनःनिर्माणमा उक्त आरोको प्रयोग गरी निर्माण सामग्री तयार गर्ने गर्ने योजना बनाइरहेको बताए । "इन्टरलकिङ्का ईँट्का घरहरु २०७२ को भूकम्पमा प्रयोग गरिएको थियो। अहिले ती घर सुरक्षित छन् । गोला डुङ्गाका घर भने भूकम्पीय जोखिममा छन्", उनले भने, "त्यसैले यस्ता घर निर्माण नगर्न प्राधिकरणले सबैमा अनुरोध गरेको छ।"

# माघी हर्षोल्लासपूर्व मनाइँदै

**टुडे समाचारदाता**

खजुरा । थारू समुदायको मुख्यपर्व माघीका अवसरमा बाँकेको राप्तीसोनारी गाउँपालिका-३ स्थित भुवरभवानी मन्दिर परिसरमा आइतबारदेखि माघको ४ गतेसम्म माघी मेला लागेको छ।

बैजापुरस्थित भुवरभवानी मन्दिर परिसरमा प्रत्येक वर्ष माघी पर्वका अवसरमा लाग्ने माघी मेलामा बाँकेसहित छिमेकी जिल्ला र भारतबाट भक्तजन यहाँ पुग्ने गरेका मेलाका संरक्षक एवं वडा नं ३ का वडाध्यक्ष मीनकुमार थारूले जानकारी दिए । "यो मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको प्रचारप्रसारका लागि मेला आयोजना गर्ने गरेका छौँ", उनले भने, "धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्र्याउन मेला सहयोगी बन्दै आएको छ।"

राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले भुवरभवानी मन्दिरको ऐतिहासिक महत्व रहेको भन्दै पुर्खौंदेखि लाग्दै आएको मेलाले यस क्षेत्रमा धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए । भुवरभवानी मन्दिर राप्तीसोनारीको प्रमुख ऐतिहासिक एवं धार्मिक धरोहर रहेको भन्दै यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नाका साथै मन्दिर क्षेत्रको विकासका लागि गाउँपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

विसं २०१३ मा स्थापना भएको उक्त मन्दिरमा वर्षमा तीनपटक विशेष पूजासँगै लाग्ने मेलामा व्यापार व्यवसायका साथै मनोरञ्जनात्मक विभिन्न सांस्कृतिक कार्यक्रम सञ्चालन हुने मेला आयोजक समितिले जनाएको छ । मेलामा थारू समुदायको कला, संस्कृति झल्कने सांस्कृतिक प्रस्तुति हुने गरेको छ।

माघी पर्वका अवसरमा थारू गाउँमा हर्षोल्लासका साथ मनोरञ्जनसँगै विविध सांस्कृतिक कार्यक्रम भइरहेका छन् । यस्ता कार्यक्रमले सामाजिक सद्भाव र आपसी एकता कायम गर्न सहयोग पुग्ने थारू अगुवा बडघर केवलसिंह थारूले बताए। उहाँका अनुसार थारू समुदायमा माघी पर्वको छुट्टै रौनकता छ । नयाँ वर्षका रुपमा लिइने माघीले थारू समुदाय तथा बस्ती उल्लासमय भएका छन्।



**कञ्चनपुरका थारू गाउँमा माघीको रौनकता**

कञ्चनपुरका थारू गाउँमा माघी पर्वको रौनकता छाएको छ । रातभर आगोको धुनी जगाई डम्फु र मादलको तालमा नाचेका थारू समुदायले माघको पहिलो दिन सोमबार बिहानै नदी, तालतलाउलगायत पानीका प्राकृतिक स्रोतमा नुहाएका छन्।

जाग्रामा नबसेकालाई गाउँका अरूले 'माघ नहाई नदीया, तलवामे चलो रे' भन्दै घरघरमा पुगेर उठाउँदै हुल बाँधेर नुहाउन नदीमा जाने प्रचलन रहेको स्थानीय रूपसिंह डगौँराले बताए । "माघको पहिलो दिन बिहानै सामूहिक रुपमा नुहाउने चलन पुरानै हो", उनले भने, "यसलाई जीवन्त राख्ने कार्यमा बूढापाकाहरु लागेका छन्।"

नदीमा कुलदेवतालाई स्मरण गर्दै दक्षिणा चढाएर पूजा गर्ने जनकलाल डगौँराले बताए । उहाँका अनुसार नदी किनारमा गाउँका अगुवाले ढुङ्गाका देवता स्थापित गरेर पूजा गर्दछन् । "घरबाट लगिएको चामलको पीठोको टीका बनाई सबैले लगाउने गर्दछन्", उनले भने, "पूजा सकेर ठूलाबडासँग आशीर्वाद लिने र सपरिवार मिलेर विभिन्न परिकार खाने परम्परा रहेको छ।"

गाउँगाउँमा नृत्य गर्दै सामूहिक रुपमा रमाउने गरिन्छ। नाच्नेहरुले आँखाको परेलाले पैसा उठाउने गर्दछन्। माघदेखि थारू समुदायको नयाँ वर्ष सुरु हुन्छ। यस अवसरमा नयाँ कार्यको थालनी गर्ने चलन थारू समुदायमा रहेको छ। माघ सुरु हुनुभन्दा अघिल्लो दिन घरका प्रमुखले सुँगुरको मासुको जोहो मिलाउने गर्दछन् । सुँगुर ढाल्ने कार्यलाई थारू समुदायले जिता मर्ना भन्ने गर्दछन्।

"हिजो बिहानै सुँगुर ढाल्यौँ", स्थानीय रूपसिंहले भने, "दिनभर पकुवा बनाएर गाउँका अगुवासँग बसेर अन्तीको चामलबाट बनेको जाँड खायौँ।" माघ लागेपछि कुनै पनि जनावरको बध गर्न नहुने जनविश्वासका कारण अघिल्लो दिन नै सुँगुर, कुखुरा, भेडा, बाख्रालगायत जनावर काट्ने तथा गच्छेअनुसार मासु खरिद गरी गर्ने प्रचलन रहेको उनले जानकारी दिए।

माघीमा आउने पाहुनाका लागि ढिक्री, सिन्की, खेरिया बनाउनाका साथै तरुल उसिनेर खाने गरिन्छ । कृष्णपुर नगरपालिका-२ बाणिका अस्पती चौधरीले सोमबार बिहानदेखि पाहुना आउन थालेकाले विभिन्न खानाका परिकार बनाइएको बताए।

रातभर धुनी जगाई मादल, डम्फुसँगै नाच्ने गाउने, खाने गरिएको छेदालाल डगौँराले बताए। कोराना महामारीका कारण विगत तीन वर्षदेखि माघीलगायत चाडपर्व उल्लासपूर्वक मनाउन नपाइएको भन्दै यस वर्ष परम्परागत रुपमा माघी बनाइएको उनले बताए।

डगौँराका अनुसार सोमबार साँझ ढकियामा चामल, दाल, खुर्सानी, नुन सहित राखिएका निश्राउको पूजा गरी घरमा बनेका परिकार दिदीबहिनीलाई छुट्याएर राख्ने चलन छ । माघीमा भेटन नआएका दिदीबहिनीको घरमा पुगेर माघको कोसेली दिने चलन रहेको उनले बताए।

माघीका अवसरमा थारू समुदायले खोजनी बोझनीको कार्य पनि गर्दछन्। यस अवसरमा गाउँको नेतृत्व गर्ने वडघर, गुरुवा, केसौका, चौकीदारलगायत चुन्ने गरिन्छ। वडघरले गाउँमा विवाह, बाटोघाटो बनाउनेलगायत नयाँ कार्यको सुरुआत पनि गर्छन्।


**दाङमा माघी हर्षोल्लासका साथ मनाउँदै**

थारू समुखायको महान पर्व माघी सोमबार दाङका थारू बस्तीमा हर्षोल्लासका साथ मनाइँदैछ । बिहान जिल्लाका विभिन्न थारू बस्तीका स्थानीय नदी, तलाउ, पोखरी, जलाशयमा गएर स्नान गरी पूजा गर्दै यो पर्व मनाइरहेका छन्।

गएरातिदेखि नाचगान गर्दै माघी पर्व मनाउन थालेका उनीहरु अहिले आ-आफ्ना मतवा (गाउँका अगुवा) का घरमा जम्मा भई टीका लगाउन थालेका छन्। तुलसीपुर उपमहानगरपालिका-६ का २५ वर्षीय श्याम चौधरीले आफूहरु मतवाको घरमा जम्मा भएर टीकासँगै आशीर्वाद ग्रहण गरिएको बताए। उहाँका अनुसार थारूले माघीका अवसरमा विशेष परिकार ढिक्री, सुँगुरको मासु, जाँड खाने र नाचगान गरी रमाइलो गर्ने प्रचलन रहेको छ।

सोमबारको दिनमा थारूले आफ्ना चेलीबेटीलाई घरमा बोलाउने, टीका लगाइदिने, चामल, नुन, तरकारी, गेडागुडी राखेर निश्राउ (खाद्य परिकार) बनाएर दिने गर्दछन्। नयाँ वर्षका रुपमा मनाउने यस पर्वमा थारूले वर्षभरि गर्ने कामको योजना बनाउने, नयाँ मतवाको चयन गर्नेलगायत काम गर्छन् । माघी पर्वलाई थारू समुदायको मौलिक संस्कृतिका रुपमा मनाइन्छ।

पुस मसान्तमा घरघरमा सुँगुरको मासु, ढिकरी (पीठोको एक परिकार), माछालगायत परिकार बनाएर जाँड, रक्सीका साथै विभिन्न परिकार बनाएर खाने, रातभर ढुमरु (लोक बाजा) गाउने र नाचगान गर्ने प्रचलन छ। दाङसहित पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बसोबास गर्ने थारूले यस पर्वलाई धुमधामका साथ मनाउने गर्दछन्।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बैंक नै ठूलो मिटरब्याजी

नेपालमा निजी र सरकारी स्वामित्वको बैंकहरु नै सरकारले परिभाषित गरेको मिटरब्याजमा पर्ने देखिन्छ । वर्षमा कयौं पटक ब्याज दर पुनरावलोकन गर्ने बैंक तथा वित्तीय संस्थाहरुले सम्झौता गरेको बिपरीत ब्याज दर बढाउने गरेका छन् । ऋण लिएको बखत कायम भएको ब्याजदरलाई बैंकले आफू खुशी बढाउने गरेका छन् । टर्मलोन(किस्ताबन्दी ऋण)मा तोकिएको किस्ता सम्मको रकम भुक्तान भइसक्दा पनि थप किस्ता कायम गरी ऋणीबाट रकम असुल गरिरहेको छ। उद्योगी, व्यवसायीहरुलाई बैंकले ऋण प्रवाह गर्ने प्राथमिकताको सूचीमा राख्छन् । उद्योगी, व्यवसायीहरुको क्षमता र धितो रकम भन्दा बढी ऋण प्रवाह गरेको समेत पाइन्छ। बैंकहरुले कर्जा प्रवाहगर्दा जोखिमयुक्त व्यक्ति र फर्ममा बढी लगानी गरेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुले धितोको अस्वभाविक मूल्याङ्कन गरी धितोको प्रचलित मूल्याङ्कनको भन्दा कयौं गुणा बढी ऋण प्रवाह गरेको देखिन्छ । त्यसका लागि बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुले ऋणीसित मोटो रकम कमिसन लिने गरेका छन् । छोटो ऋण प्रवाहगर्दा शाखाका प्रमुखहरुले कतिपय ऋणीहरुलाई भोज र सापटीको नाममा रकम असुल गरेको समाचारहरु प्रकाशमा आउने गरेका छन् । बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुले मोटो रकम लिएर ऋण प्रवाह गर्ने र त्यो डुब्ने गरेकाले त्यसको भर्पाई बैंकको ब्याज दर बढाएर गरिन्छ। नेपाल सरकारको विशिष्ट श्रेणीका सचिव भन्दा कयौं गुणा बढी तलब सुबिधा खाने बैंकका कार्यकारी प्रमुखहरु छन्। उनीहरुले लिने सेवा, सुबिधाहरुका अतिरिक्त ऋणीहरुबाट वर्षमा कयौं करोड रुपैयाँ कमिसनको नाउँमा खान्छन् । त्यसको भार पनि कुनै न कुनै रुपमा ऋणीहरुले नै वहन गर्नुपर्छ। ब्याज पुनरावलोकन गर्ने नाममा बैंकहरुले बढाउँदै लगेको ब्याजको कारण केही व्यवसायीहरु देश नै छाडेर भागिसकेका छन् । केही भाग्ने तयारी गरिरहेका होलान् । ब्याज र किस्ता रकम तिर्न ढिला हुँदा बैंकहरुले ऋणीको व्यवसायिक प्रतिष्ठानमा मात्र नभै घर सम्म नै पुगेर अनेक प्रकारको तनाव दिने गर्छन् ।बैंकबाट ऋण लिदा बनाएको योजना बढदो ब्याजदरले भताभुंग बनाउने गरेको छ ।हरेक वर्ष बैंकहरुले अर्बौ नाफा गर्छन् ।तर ऋणीहरु मर्ने गर्छन् ।सरकारले बैंकहरुलाई समेत नियन्त्रणमा राख्न सकेको छैन् ।बैंकले मुनाफा गरेको रकम शेयरधनीलाई वितरण गर्ने अनुपातमा ऋणी र निक्षेपकर्ताहरुलाई समानुपातिक रुपमा सहुलियत दिनु पर्छ ।सरकारले कपाली तमसुकलाई अनुचित लेनदेन भने जस्तै बैंकहरुले पनि निक्षेपको ब्याजदर र ऋणको ब्याजदरबीच बढीमा २ प्रतिशत सम्मको फरक नराखे अनुचित लेनदेनमा कारवाही गर्नुपर्छ ।मुद्दती खाता र बचत खातामा रहने निक्षेपको छुट्टाछुट्टै ब्याजदर जस्तै ऋण प्रवाहमा समेत ब्याजदर कायम हुनुपर्छ।

# पुरानो राजनीतिक सांस्कृतिक तर्कहरुको प्रतिवाद



रोशन जनकपुरी

राजनीतिक संस्कृतिको दृष्टिले विचार गर्दा नेपाली गणतन्त्र अहिलेपनि संक्रमणबाट नै गुज्रिरहेको देखिन्छ । सम्विधानमा घोषित गरिएको धर्मनिरपेक्षताको विरुद्ध धार्मिक संकीर्णताहरु र यतिमात्र किन गणतन्त्रको विरुद्ध राजतन्त्रवादीहरु सदन र सडकमा देखिन छाडेका छैनन् । यस गणतन्त्रका सत्ता सञ्चालक राजनीतिकशक्तिहरुको अस्पष्टता र असक्षमताको कारण यी संकीर्ण धार्मिकशक्तिहरु र राजतन्त्रवादीहरु झन् झन् उत्साहित हुँदैगएको देखिन्छ। विशेष गरेर स्वयं सत्तासञ्चालक गणतन्त्रवादीशक्तिहरु भित्रै जनवादी अग्रगामी चेतनाप्रतिको उदासीनता र पुरानो सत्तासंस्कृति र इतिहासप्रतिको मोह र आसक्ति गणतन्त्रको अग्रगामिताको निम्ति चुनौतीको रुपमा देखिन्छ । एकातिर वर्तमान गणतन्त्रको मूल कारक माओवादी जनयुद्धको स्मरणमा राज्यले दिने जनयुद्ध दिवसको विदा न्यायालयले खारेज गरिदिनु र अर्कोतिर राज्यसत्ताले पृथ्वीनारायण शाहको जन्मदिवसलाई भव्यतापूर्वक मनाउनु र उनलाई राष्ट्रीय एकताको प्रतीकको रुपमा महिमा मण्डन गर्नु सत्तावृत्तमा रहेका राजनीतिक दलहरुको यसै पुरातन इतिहासप्रतिको मोह हो।

इतिहासको आफ्नै प्रवाह हुने गर्छ । यस क्रममा वर्तमानसंग बाझेका ऐतिहासिक विषयहरु संग्रहालयमा धकेलिन्छन् र वर्तमानसंग तादात्म्य राख्ने विषयहरु नयाँ परिवर्तन अनुकूल ढालिन्छन् । नेपालमा गणतन्त्रको स्थापना, गतिवान समयको यस्तो परिवर्तनकारी मोड हो, जहाँ समयले पुरानो इतिहाससंग राजनीतिक र सांस्कृतिकरुपमा सम्बन्धविच्छेद गरेर नयाँ राजनीतिक युगको शुरुआत गरेको छ।

नेपालमा भएका राजनीतिक परिवर्तनहरु बारे विचार गर्ने हो भने, ००७ सालको प्रजातान्त्रिक व्यवस्था होस वा ०१७सालमा राजा महेन्द्रको पञ्चायती प्रजातन्त्र नामक निरंकुश राजतन्त्र वा ०४६ सालको बहुदलीय सम्वैधानिक राजतन्त्र, सबै परिवर्तनहरुमा राजतन्त्र र राजाको सर्वोच्चता प्रधान थियो । यी परिवर्तनहरुमा जनताको स्थान सम्वैधानिकरुपमा नै दोयम थियो । ०५२सालदेखि शुरुभएको माओवादीहरुको दसवर्षे जनयुद्ध र ०६२/०६३मा माओवादी र संसदवादी राजनीतिक दलहरु नेपाली काँग्रेस, एमाले लगायतका अन्य कम्युनिस्ट पार्टीहरु तथा सदभावनापार्टी, मधेशी जनअधिकार फोरमलगायतका मधेशकेन्द्रित पार्टीहरुको संयुक्त जनआन्दोलन तथा मधेश आन्दोलनको बलमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। यस राजनीतिक परिवर्तनले नेपालको अठारसय वर्षको राजतन्त्रको एतिहासिक निरन्तरताबाट पूर्णतः सम्बन्धविच्छेद गरेर नेपालको इतिहासमा पहिलो पटक सम्वैधानिकरुपमा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाई दिएको हो । सम्विधानमा उल्लेखित जनताको सार्वभौमिक अधिकारहरुको कार्यान्वयनमा अधूरोपना तथा जनसरोकारका विषयहरुप्रति सत्ता, सरकार र संसदवादी राजनीतिक दलहरुको उपेक्षा र उदासीनता तथा स्वार्थलोलुप चरित्रले गर्दा यस गणतन्त्रलाई वास्तविक अर्थमा जनमुखी बनाउन थपसंघर्षका आवश्यकताहरु छँदैछन् । तर नेपाली जनताको सर्वोच्चता स्वीकार गरेको गणतान्त्रिक सम्विधानको निर्माण पुरानोबाट पूर्णतः सम्बन्धविच्छेद गरेर नयाँ युगको शुरुआत थियो। यस दृष्टिले हेर्दा ७३ वर्षको निरन्तर जनसंघर्ष र जनताको त्याग, तपस्या र बलिदानबाट स्थापित यस नयाँ राज्यव्यवस्थाले वर्तमानसंग बाझ्ने पुरानो व्यवस्थासंग सम्बन्धित प्रतीक, परम्परा र सांस्कृतिक चेतनाहरुलाई पन्छ्याएर नयाँ गणतान्त्रिक र जनवादी चेतना, प्रतीक र परिभाषाहरु अर्थात् नयाँ राजनीतिक सांस्कृतिक परम्पराको शुरुआत गर्नु पर्ने हो । तर सांस्कृतिकरुपमा कयौं पुराना अवशेषहरु चलनमै छन्, र यसप्रति जसरी शासकवृत्तमा एकखालको मोह देखिन्छ, त्यसले गणतन्त्रमा सबैको स्वामित्वबोधमा समस्या देखिन्छ । यसले गणतान्त्रिक चेतनाको प्रसारमा चुनौती उत्पन्न गराउँछ। यस्तै मध्येको एक हो एकता दिवसको नाममा पृथ्वीनारायण शाहलाई राजनीतिक सांस्कृतिकरुपमा महिमामन्डन गरिनु।

पुराना राज्यसत्ताको अवशेष राजतन्त्रवादीहरुले पृथ्वीनारायण शाहको गुणगान गर्नु र विरुदावली गाउनु एउटा कुरा भयो, तर यस प्रवाहमा गणतन्त्रवादीशक्तिहरु पनि बग्नु विडम्बनायुक्त छ ।'जनकपुर टूडे' दैनिकको माघ १, २०८०को अंकमा मैले एकजना प्रसिद्ध इतिहासकार प्रां.डा. दिनेशराज पन्तको अन्तर्वार्ता छापिएको छ। यस अन्तर्वार्तामा उनले भौगोलिकरुपमा वर्तमान नेपाललाई स्वीकार्नेहरुले पृथ्वीनारायण शाहको योगदानलाई सम्मान गर्नुपर्ने भनेर तर्क गरेका छन् । यस्मा दुई मत छैन, कि पृथ्वीनारायण शाह एकजना चतुर, योग्य, लडाकू र महत्वाकांक्षी शासक थिए । उनले गोर्खाली फौजको बलमा तत्कालीन साना ठूला राज्य (भूरे टाकुरे राज्य रजौटाहरु)हरुलाई फौजीबलमा जीतेर गोर्खा अधिराज्य (जो पछि नेपाल अधिराज्य भनियो)को विस्तार गरे । तर वर्तमान गणतान्त्रिक नेपाल सांस्कृतिकरुपमा होस वा भौगोलिक रुपमा पृथ्वीनारायण शाहले जीतेको नेपाल होइन । यो, भौगोलिकरुपमा अँग्रेजसंगको युद्धमा पराजयपछि सुगौलीसन्धि अनुसार कटौती भएको र जंगबहादुर राणाले छिमेकी भारतमा अँग्रेजी शासकहरुलाई सहयोग गरे वापत नयाँ मुलुकको नामबाट थपिएको चारजिल्ला सहितको नेपाल हो ; र साँस्कृतिकरुपमा पहाड, हिमाल र तराई मधेश, सबैक्षेत्रका जनताले काँधमा काँध मिलाई राजतन्त्रात्मक राज्य व्यवस्थासंग संघर्ष गरेर स्थापित गरेको जनता सार्वभौम अधिकारसम्पन्न हुने संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल हो। यो एउटा यस्तो गणतान्त्रिक व्यवस्था हो, जस्मा सबै धर्महरु, सांस्कृतिक समुदायहरु र वर्गहरु समानरुपमा सम्विधानबाट संरक्षित छन् । यो पृथ्वीनारायण शाहले जीतेकोभौगोलिक र राजनीतिक सांस्कृतिक नेपालभन्दा भिन्न नेपाल हो।

पृथ्वीनारायण शाह विगतको राजतन्त्रात्मक व्यवस्थामा जस्मा सामन्तवादी संस्कृतिका पक्षधरहरु एकीकृत थिए र उनिहरुको वर्चस्व थियो, त्यसमा एकताका प्रतीक थिए भन्ने स्वीकार्न सकिन्छ। विगतको राजतन्त्रात्मक व्यवस्थामा भाषाको रुपमा गोर्खाली भाषा, शाहवंशीय पहाडिया गोर्खाली खस संस्कृति, भेषभूषा र धर्मको वर्चस्व थियो । उल्लेखनीय छ, पृथ्वी नारायण शाहदेखी राणाकालसम्म नेपाललाई शाहवंशीय शासकहरुले गोर्खा र गोर्खाली राज्य भन्ने चलन नै बढी देखिन्छ। केही अंशमा ००७सालपछि, र ०१७सालपछि राजा महेन्द्रले पञ्चायती राजतन्त्रलाई संस्कृति, धर्म, भाषा, भेषको अर्थमा सांस्कृतिककरण गर्नेबेला गोर्खालाई नेपाल र गोर्खालीलाई नेपालीमा रुपमा रुपान्तरित गरेर व्यापकता दिन खोजेका हुन् । यद्यपि राजा महेन्द्रको यो प्रयत्न उपरी रुपान्तरण मात्र थियो र अन्तर्भूत तत्वपहाडिया गोर्खाली नै थियो । यस क्रममा गोर्खाभाषा प्रचारिणी समितिलाई परिवर्तन गरेर नेपालीभाषा प्रचारिणी समिती भनिएपनि, गोर्खापत्र यथावत् नै रह्यो र वीरताको प्रतीक गोर्खाली नै रह्यो । देशका अन्य भागका जमिन्दार र भारदार समुदाय राजा महेन्द्रको पञ्चायती राष्ट्रवादमा सामेल भएपनि समुदायगतस्तरमा उनिहरु दोयम नै थिए। तथापि शाहवंशी पहाडिया गोर्खाली ब्राह्मणवादी हिन्दु उच्चजातीय वर्चस्वमा आधारित राजा महेन्द्रको पञ्चायती नेपाली राष्ट्रवादले नेपाली समाजको एउटा शासकीय हिस्सालाई प्रभावित नै गर्‍योर एकखालको सामन्तवादी सांस्कृतिक गर्वयुक्त मनोविज्ञानको निर्माण गर्‍यो ।यसै सांस्कृतिक आकर्षणमा मोहित भएर पञ्चायती व्यवस्था आश्रित इतिहासकार, समाजशास्त्री, साहित्यकार र कविहरुले राजवंशप्रति समर्पित भावना र मनोविज्ञान निर्माण गर्न राजइच्छा अनुकूलको इतिहास, सामाजिक मनोविज्ञान, नाटक, कविता, कथा र निबन्धहरु लेखे । यस्तो सिर्जनामा शाहवंशीय राजाहरु नायक र राजवंशप्रति भक्त भारदार र सेनापतिहरु देशभक्तको रुपमा चित्रित गरिए। त्यतिबेला देशभक्तिको अर्थ राजभक्ति थियो। पृथ्वीनारायण शाह यस्तै राष्ट्रवादी सांस्कृतिकतामा चित्रित एकताका प्रतीक हुन् । पृथ्वीनारायण शाहले तलवारको बलमा भूरेटाकुरे राजाहरुलाई जीते र ती भुरेटाकुरे राजाहरुलाई निर्णायकरुपमा गोर्खाली शासनसामु माथ निहुर्‍याउन बाध्य गराएर आफ्नो राज्यविस्तार गर्न सफल भएको कारण पञ्चायती शासक समुदायको निम्ति स्वाभाविकरुपमा नै नायक सिद्ध भए । यस अर्थमा 'गोर्खाली अधिराज्य'ले उनलाई आधुनिक नेपालको निर्माता र एकताको प्रतीक र बडामहाराजाको उपाधिले विभूषित गर्नुपनि अस्वाभाविक थिएन । तर निश्चय नै अहिलेको गणतान्त्रिक नेपाल यस गोर्खाली निरतन्ताभन्दा भिन्न जनताहरु साझा संघर्ष र समानताको एकत्वको प्रतीक हो। यस अर्थमा वर्तमान गणतन्त्रमा कुनै राजा वा महाराजा होइन, जनता र जनतामात्र एकताका प्रतीक हुन्।

त्यसोभए राजनीतिक र सांस्कृतिकरुपमा पृथ्वीनारायण शाहको ऐतिहासिक मूल्यांकन के हुनसक्छ ? यस्को निम्ति पृथ्वीनारायण शाहलाई राजनीतिक र सांस्कृतिक इतिहासको कसीमा कस्नु उचित हुने छ र तत्कालीन इतिहासको पडताल गर्नु आवश्यक हुन्छ । पृथ्वीनारायण शाहले अन्य राजाहरुलाई फौजीबलमा जीतेर गोरखाराज्यको विस्तार गरेको प्रसंग पहिले नै चर्चा गरियो । यी विजयहरुले एकातिर गोर्खालीफौज र सहयोगी जमातभित्र विजयी भाव र शासकीय अहं निर्माण गर्‍यो भने अर्कोतिर जितिएका राज्यका जनसमुदायभित्र पराजय वा दमित मानसिकताको विकास गर्‍यो । अहिले पृथ्वीनारायण शाहप्रति देखिने गर्व र घृणाका अभिव्यक्तिहरु यसैको परिणाम हो । पौराणिक मिथ र इसापूर्वका प्राचीन ऐतिहासिक सामग्रीहरुमा तीन शहरको काठमाँडौ उपत्यकालाई नेपाल मण्डल वा नेपाल भनिएको पाइन्छ । आधुनिक इतिहासकारहरुले यसलाई नेपाल खाल्डो समेत भन्ने गरेका छन् । एउटा निश्चित सीमाभित्र बाँधिएको र वैश्विक कूटनैतिकतासंग जोडिएको देशको रुपमा आधुनिक नेपाल सन् १९२० पछि अँग्रेजशासकहरुले मान्यता दिएपछि देखिएको हो । पुराना शाहवंशीय राजाहरुले पृथ्वीनारायण शाहपछिको नेपाललाई गोरखा राज्य र आफूहरुलाई गोर्खाली भन्न बढी रुचाएपनि नेपाल-अँग्रेजयुद्ध (सन् १८१४-१६) पछिका अभिलेखहरुमा अँग्रेजहरुले शाहवंशीय शासनलाई नेपालसरकारको सम्बोधनगर्नुको पछाडी शासनकेन्द्र काठमाँडौउपत्यकामा भएर मात्र हो । पृथ्वीनारायण शाहको सैन्यअभियानमा थापा र पाण्डे खलक लगायत नेपालमा शाहवंशीय राज्यस्थापनाको आरम्भकालदेखिनै गोर्खाराज्यप्रति समर्पित भारदार र फौजीनेतृत्वको इमानदारपंक्ति थियो जस्ले राजभक्तिलाई सर्वोच्च स्थानमा राख्दथ्यो, र जस्ले गोर्खाली सैन्यअभियान र गोर्खाराज्यको व्यापक विस्तारमा महत्वपूर्ण भूमिका खेल्यो ।यो गोर्खा राजभक्तिको भावना नै पछि गोर्खाली खस, बाहुन, क्षेत्री आदि शाहवंशीय राज्यनिकटस्थ हरुमा नेपाली राष्ट्रवादमा रुपान्तरित भयो । ऐतिहासिकरुपमा नेपालमाथी गोर्खातत्व धेरैपछिसम्म हावी देखिन्छ।

प्रा. डां दिनेशराज पन्तले आफ्नो अन्तर्वार्तामा पृथ्वीनारायण शाहको अर्ती उपदेशलाई वर्तमान शासनको निम्तिपनि सान्दर्भिक र उपयोगी भनेका छन्। प्रत्युष वन्त जस्ता आधुनिक केही इतिहासकार हरुले यस दिव्योपदेशको सत्यताप्रति शंका जनाएका छन्। तरपनि केही पुराना इतिहासकारहरुका अनुसार सन् १७७४मा नूवाकोटको देउघाटमा आफ्नो मृत्युभन्दा एकवर्ष पूर्व भाइभारदारलाई जम्मा पारेर आफूले गरेको युद्धहरुको स्मरण र आर्जेको मुलुकको हितमा दिएको अर्तीउपदेशलाई दिव्योपदेश भनिएकोछ । यसले पृथ्वीनारायण शाहको राजसी मनोविज्ञानको बोध गराउँछ । यस्मा भनिएको छ – –'राजाका सार भन्या सिपाही र रैति हुन । राजा चतुर भया सिपाही र रैती हात हात गरि राष्नु र हुलकुल गर्न पाउँदैन ।' र रैति भनेको के हो त– ' राजाका भण्डार भन्याका रैतान हुन ' ।पुष्पलालले यसको अर्थ प्रजा मोटो हुनुपर्दछ ताकि उनको शोषण गर्नसकियोस भनेर उनको सामन्ती दृष्टिकोण उजागर गरेका छन् । यस दिव्योपदेशबाट के पनि बुझिन्छ भने पृथ्वीनारायण शाह गोरखाबाहेकका खस र बाहुनसमेत माथीपनि विश्वास गर्दैनथे। दिव्योपदेशमा भनिएको छ –' गुरुं, मगर षानज्यादा भैयाद भारदार मिर उमराउ जाची गौँडामा राषनु। पुरुब पछिम्मा षस बाहुनलाई दरबारमा पैठ हुन नदिनु। क्यान भनौला बाहिडा मान्छ्याले दरबारमा बिथिति गराउँछन । .....' उनले बाहुनलाई पूजनीय र न्याय निसाफ गर्ने जिम्मा दिएका थिएभने षस, मगर र गुरुङ्ग (गोरखाली मात्र)लाई लडाईमा विश्वास गर्दथे ।पृथ्वीनारायण शाह पछि नेपालमा विकसित एकल जातिय राष्ट्रवाद र अहिलेको बहसमासमेत यदाकदा अभिव्यक्त राष्ट्रवादी तर्क र भावनाहरु यसै सेरोफेरोमा रहेको सजिलै बुझ्नसकिन्छ । यस दिव्योपदेशमा उनले मुलुकको हितप्रति चिन्ता र हित अनुकूल कुरापनि गरेका छन्, तर ती सबै एउटा सामन्ती शासकले आर्जेको शासनको रक्षा र विकासको अर्तीभन्दा बढी छैनन्। यस परिप्रेक्ष्यमा उनी सीमित र सामन्ती सांस्कृतिक चिन्तनका चतुर र कुशल राजामात्र ठहरिन्छन्, जुन अहिलेको सन्दर्भमा अनुपयुक्त छ।

हुन त वर्तमान गणतन्त्र अहिलेको नेपाली जनताले पृथ्वीनारायण शाह र उनका गोर्खाली फौजले जीतेको विजित प्रदेशका रैतीहरुको सन्तानहरुले एकजुट भएर पृथ्वीनारायणका सन्तान शासकसंग संघर्ष गरेर जीतेका छन्। तरपनि वर्तमान सन्दर्भमा उनिप्रति गर्व र घृणा दुबै औचित्यहीन छ। उनि कुनै खास जातिसमुदायको निम्ति गर्वको विषय त हुनसक्दछन् तर यस गणतान्त्रिक देशको निम्ति एउटा योग्य र चतुर हिन्दू पारम्परिक राजाको रुपमा ऐतिहासिक सामग्रीभन्दा बढी छैनन् ।त्यसैले वर्तमान गणतन्त्रका शासकहरु पुरानो सांस्कृतिकताबाट मुक्त भएर नयाँ गणतान्त्रिक एकताको प्रतीकको रुपमा जनता, जनताको संघर्षगाथा, शहादत र शहीदलाई स्थापित गर्नु पर्ने आवश्यकता छ । यस्तो भएन भने गणतन्त्रमा सांस्कृतिकरुपमा नयाँ असन्तुष्टिहरु जन्मिने सम्भावनालाई उपेक्षा गर्न सकिँदैन।

# माघ २,मधेश बिद्रोहको ऐतिहासिक दिन वा माघ २, एक स्मरण



राजकुमार यादव

आज मधेश विद्रोहको ऐतिहासिक दिन, अर्थात् माघ २ गते । अन्तरिम संविधान २०६३ मा संघियता सहितका मांग राखी तत्कालिन मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको अगुवाईमा काठमान्डौ स्थित माईतिघर मण्डला परिसरमा अन्तरिम संबिधान जलाएको कसुरमा फोरम अध्यक्ष उपेन्द्र यादव,नेपाल सदभावना पार्टीका बरिष्ट उपाध्यक्ष रामेश्वर राय यादव,निलम बर्मा,किशोर बिश्वाश,रामकुमार शर्मा,राजकुमार यादव अर्थात् म,बलराम यादव,विजय चौधरी,कमल मण्डलका लगायत २८ जनालाई मुलुकी ऐन १२१ अन्तर्गत थुनामा राखी यातना दिएको थियो।त्यसैको प्रतिरोधमा मधेशमा आन्दोलन चर्किएको थियो,फलस्वरूप कयौं योद्धाहरुको सहादत तथा अंगभंग भई मधेशको आंशिक समस्या समाधान भएको यस ऐतिहासिक दिनलाई हामीले यतिखेर सम्झनै पर्ने हुन्छ।

यस दिनलाई फर्केर हेर्दा मेरो कस्टकर दिन नै थियो भनेर सम्झेको छु । माघको कठयान्ग्रो जाडोमा सर्ट,प्यान्ट र कोटको भरमा हनुमानढोकाको गन्हाउने थुनामा रात कटाउनु थप कस्टकर थियो मेरो लागि,अर्को कस्टकर कुरा के थियो भन्ने हाम्रो स्नातकोतर तहको बार्षिक परिक्षा पनि ३ तिन दिन अगाडी अर्थात् माघ ५ गते देखि थियो । त्यसमा पनि घरपरिवारलाई थुनामा रहेको कुरा थाहा थिएन। हाम्रो मोबाईलहरु प्रहरीद्वारा सिज गरिएको थियो ।हामीलाई यसरी यातना दिएको थियो कि हामि क्रिमिनल,देशद्रोही या कसैलाई मर्डर गरेर आएका थियौं । हनुमानढोका थुना कुख्यात अपराधीहरुका लागि बनाएको थुना हो,जस्मा हामीलाई कोची-कोची राखिएको थियो हामि २८ जना थुनुवाहरुलाई १४/१४ जनाको दरले दुई वटा कोठामा मात्र कोची -कोची राखिएको थियो। धन्यबाद त थुनामा रहेका नेता उपेन्द्र यादव, रामेश्वर राय,निलम बर्मा र मात्रिका प्रसाद यादवलाई दिनुपर्छ,जसले हाम्रो थुनामा रहेका थुनुवाहरुको मानवाधिकारको थोर बहुत रक्षा गर्न सफल भयो।




संयुक्त मधेसी संघर्ष समितिले राजधानीको पुल्चोकमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनका सहभागी ।
तस्विर : प्रकाश माथेमा कान्तिपुर

अस्तव्यस्त
२०६३ माघ ३ गते

अन्नपूर्ण समाचारदाता

विराटनगर, २ माघ : मधेसी जनअधिकार फोरमले मंगलबारका लागि आह्वान गरेको मधेस बन्दका कारण जनजीवन अस्तव्यस्त भएको छ। फोरमले जनसंख्याका आधारमा निर्वाचनक्षेत्र घोषणा गरिनुपर्नेलगायतका माग राखेर हडताल आह्वान गरेको हो।

आमहडतालका क्रममा फोरमका कार्यकर्ताले मंगलबार दिउँसो विराटनगरको मलाया रोडमा एउटा निजी मोटरसाइकल तोडफोड गरेका छन्।

फोरमका कार्यकर्ताले बिहानैदेखि सडकमा टायर बालेर अवरोध खडा गरेका थिए। उनीहरूले रिक्सासमेत चल्न दिएनन्। शिक्षण संस्था, उद्योग, कलकारखाना पनि सञ्चालन भएनन्। हडतालका कारण कष्ट भोग्नुपरेको सर्वसाधारणले बताए।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायबउपरीक्षक रवीन्द्र शर्माले आमहडतालका क्रममा कुनै अप्रिय घटना भने नभएको बताउनुभयो।

सिराहा समाचारदाताका अनुसार जिल्लाका प्रमुख बजार बन्द रहे भने यातायातका साधन पनि चलेनन्। फोरमसम्बद्ध युवा, विद्यार्थी र पसलेबीच सिराहाका विभिन्न ठाउँमा झडप पनि भएको छ। मधेसी फ्रन्टका अध्यक्ष कुमार विवेकका अनुसार फोरमसम्बद्ध युवा तथा विद्यार्थीको एक समूहले मंगलबार बिहान सिनेमाचोकमा अन्तरिम संविधानका प्रति पनि जलाएको थियो।

सप्तरी र झापामा पनि हडतालका कारण पसल नखुलेको र सवारीसाधन पनि नचलेको समाचारदाताले जनाएका छन्। हडताल आह्वानकर्ताले वीरगन्जस्थित नगर सभागृहभित्र रहेको राजा महेन्द्रको सालिक तोडफोड गर्नुका साथै चोकचोकमा टायर बालेर प्रदर्शन गरेको वीरगन्ज समाचारदाताले जनाएका छन्।

बारा समाचारदाताका अनुसार फोरमका कार्यकर्ताले बाराको कलैयास्थित भरतचोकमा नेपाल सरकारको पुतला जलाए।

नवलपरासी समाचारदाताका अनुसार हडताल सफल पार्न मधेसी जनअधिकार फोरमका कार्यकर्ताले महेन्द्र राजमार्गको बुटवल-बर्दघाट क्षेत्रमा अवरोध खडा गरेका थिए। हडतालको असर सुनसरी, जनकपुर, महोत्तरी, सर्लाही, रौतहट, कपिलवस्तु, रूपन्देही, बाँकेलगायतका जिल्लामा पनि परेको समाचारदाताहरूले जनाएका छन्।

काठमाडौंमा २८ जना गिरफ्तार

काठमाडौं : मधेसी जनअधिकार फोरम नेपालले अन्तरिम संविधानको विरोध गर्दै मंगलबार बिहान माइतीघरस्थित मण्डलामा संविधानका प्रति जलाएको छ।

त्यस क्रममा प्रहरीले फोरमका अध्यक्ष उपेन्द्र यादव, उपाध्यक्ष किशोर विश्वास, महासचिव रामकुमार शर्मा, निलम बर्मा, राजकुमार यादव, बलराम यादव, धर्मेन्द्र विश्वाससहित २८ जनालाई गिरफ्तार गरेको छ। गिरफ्तार गरिएका सबैलाई पुर्जी थमाइएको छ।

पुर्जीमा अन्तरिम संविधान, २०६३ को प्रति जलाएको कसुरको अनुसन्धानका सिलसिलामा मुलुकी ऐन अदालती बन्दोबस्तको १२१ नम्बरअनुसार प्रहरी हिरासतमा राखिएको उल्लेख छ। उनीहरूलाई महानगरीय प्रहरी परिसर हनुमानढोकामा राखिएको छ।

हामीलाई माईतिघर मण्डलाबाट दिनको तिन बजे नै अन्तरिम संविधानको प्रतिलिपि जलाउने कार्यक्रम नसकिदै प्रहरीको २ दुई वटा प्रहरी भ्यानमा कोची- कोची शान्तिनगरको प्रहरी परिसरभित्र राखिएको थियो। उक्त परिसरमा रहदा मात्रिका यादव ज्युले नास्ताको व्यस्था मिलाईदिएको थियो। त्यहि नास्ताको भरमा हामीलाई रात् पनि गुजार्नुपर्यो।

करिव साझको ५ बजेतिर शान्तिनगर प्रहरी परिसरमा कहाबाट फोन आयो कुन्नि हामि २८ जनालाई २ वटा भ्यानमा कोची अपराधीको शैलीमा हतार हतार गरि हनुमानढोकाको प्रहरी परिसरमा ल्याईयो,परिसरमा ओर्लने बितिकै हामीलाई अपराध गरे जस्तै थुनुवा पुर्जि बिना नै खोरमा लग्न लाईनमा लगाईयो,पंक्तिको पहिलो नम्बरमा उपेन्द्र यादव,दोश्रोमा किशोर बिश्वाश,तेश्रोमा रामकुमार शर्मा,चौथोमा रामेश्वर राय लगायत हामी२८ जना थुनुवा लाईनमा अनुशासित् ढंगले उभिएका थियौ। पंक्तिको तेश्रो नम्बर सम्मका थुनुवाहरुलाई थुनामा कोचिसकेपछि चौथो नम्बरमा रहेका नेता रामेश्वर रायले डीएसपीलाई यसरी थुनुवा पुर्जी बिना कुन आधारमा र कानुनमा थुन्न पाईने प्रतिप्रश्न गरिसकेपछि भित्र छिरेकाहरुलाई पनि हतार हतारमा बाहिर निकाली कार्यालय प्रमुख अर्थात् एसपीको कक्षमा हामीलाई लगियो। त्यसपछि लगभग २ घन्टाको रस्साकस्सी भई अन्तत हामीलाई मुलुकी ऐन १२१ लाई प्रयोग गरि थुनुवा पुर्जी दीई थुनुवा कक्षमा पुर्याईयो। हामि थुनुवा कक्षमा पुग्दा जे देखियो,त्यो वर्णन गर्ने लायक नै छैन, बर्षो देखिको फोहोर कोठा,गन्हाउने र उपियाँले भरिएको पातलो कम्बल,त्यसमाथि पनि कोठामा अपराधीलाई यातना दिएको कारण जतातत‍ै दिशा पिशाब गरेको कोठा ,हामीलाई छिन-छिनमा बान्ता आउथ्यो। अन्तिमामा हामि सहन नसकेर थुनुवा कोठा बाहिर आई थुनाको प्यासेज मै नाराबाजी गर्न सुरु गर्यौ ।त्यसपछि अध्यक्ष उपेन्द्र यादव र नेता रामेश्वर रायले मानवाधिकार आयोग लगायतका संघ संस्थालाई फोन मार्फत जानकारी गराउदा बल्ल तल्ल हामि माथि प्रहरीले अन्याय गर्न अलि कम गर्यो। तर मानवाधिकारको टोलि जाने बितिकै हामीमाथि पहिलाकै जस्तै यातना शुरु भयो, कुहिएको चामलको भात त्यसमाथि पनि बासि ,दाल तरकारी हामीलाई खान दिईयो ।तर हामी कोहि खाईन। सबैजना भोकै बसें,र रातभरी कठयांग्रीएर थुनुवा कक्षको बाहिर प्यासेजमै बसे।हामीलाई लागिरहेको थियो कि हामि त नारावाजी गर्दा पनि हामीलाई यतिको कठोर यातना दिएको छ भने निरिहमाथि कस्तो होला,हामीलाई गरेको यातना अहिले पनि झल्झल्ती याद आईरहेको छ यतिखेर । यता यसैको बिरोधमा मधेशका २२ वटै जिल्लाहरुमा आन्दोलन चर्किसकेको थियो। फलस्वरूप स्नाकोतरको परिक्षा हुने विद्यार्थीहरु लगातलाई अर्थात् म लगायतलाई माघ ३ गते नै हनुमानढोकाबाट रिहाई गरि बाँकीलाई सिंहदरवार प्रहरी परिसरमा सारेको थियो,समग्रमा हनुमानढोकाको बसाई अत्यधिक पीडादायी थियो जो कि जीवनभर बिर्सन सकिदैन । हामीलाई रिहा गरेकै दिन तत्कालिन पुल्चौक क्याम्पसका बिद्यार्थी,अहिलेका मधेश प्रदेश सरकारका गृह तथा संचार मन्त्री समिम अन्सारी,ईन्जिनियर महेन्द्र माझी, म,डेनमार्कका पुर्व राजदुत विजयकान्त कर्ण,विजय चौधरी लगायतका बिद्यार्थी नेताहरु मिली हजारौको संख्यामा काठमान्डौको पुल्चौक क्याम्पसबाट माईतिघर मण्डलासम्मको ऐतिहासिक कफन र्याली निकालेका थियौ,जो कि उपत्यकाको आन्दोलनमा ज्यान नै ल्याईदिएको थियो,बाँकी त मधेशका २२ वटै जिल्लामा आन्दोलनको ज्वारभाटा त थियो नै।

# ‘राष्ट्रियसभा निर्वाचनका लागि सत्तासाझेदार दललाई सहज’




**टुडे समाचारदाता**

गण्डकी । यही माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशबाट चार दलका आठ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सत्तारुढ दलका तर्फबाट नेपाली कांग्रेसले अन्य र अपाङ्गता/अल्पसङ्ख्यक कलस्टरमा क्रमशः गोरखाका किरणबाबु श्रेष्ठ र तनहुँका पदमबहादुर परियारलाई उम्मेदवार बनाएको छ।

गठबन्धनबाट महिलातर्फ नेकपा (माओवादी केन्द्र)ले पर्वतकी मनरुपा शर्मा चुनावी प्रतिस्पर्धामा उतारेको छ । मतभारका हिसाबले गण्डकीमा दोस्रो शक्तिका रुपमा रहेको नेकपा (एमाले)ले अन्य कलस्टरतर्फ स्याङ्जाका चक्रबहादुर पराजुली, महिलातर्फ गोरखाकी सम्झना देवकोटा र अपाङ्गता/अल्पसङ्ख्यक कलस्टरमा हेमन्द्र शेरचनलाई उम्मेदवार बनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले अन्यमा कास्कीका रोमबहादुर भण्डारी र महिलामा तनहुँकी गौमाया श्रेष्ठलाई उम्मेदवार बनाएको छ । राप्रपाले अपाङ्गता/अल्पसङ्ख्यकतर्फ भने उम्मेदवार उठाएको छैन । अन्य, महिला र अपाङ्गता/अल्पसंख्यकतर्फका तीन सिटका लागि निर्वाचन हुन लागेको हो । ती कलस्टरबाट निर्वाचित गण्डकीका तीन राष्ट्रियसभा सदस्यको कार्यकाल आगामी फागुन २० गते सकिँदैछ।

मतभारका दृष्टिले अब हुने निर्वाचनमा सत्तारुढ दलका उम्मेदवारलाई चुनावी परिणाम आफ्नो पक्षमा पार्न सहज हुने देखिएको छ। राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा प्रदेशसभाका ६० र स्थानीय तहका एक सय ७० रहेका छन्। निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको छ।

प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरि कुल छ हजार चार सय १० मतभार रहेको छ । प्रदेशसभाको सबैभन्दा ठूलो दल कांग्रेसका प्रदेशसभाका २७ र स्थानीय तहतर्फ प्रमुख र उपप्रमुख गरि ६७ मतदाता छन् । कुल मतभार दुई हजार सात सय चार रहेको छ । २२ प्रदेशसभा सदस्य र ६८ स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको एमालेको मतभार दुई हजार चार सय ५८ रहेको छ।

माओवादी केन्द्रका प्रदेशसभा सदस्य आठ र स्थानीय तहका प्रमुख तथा उपप्रमुख ३० गरी नौ सय ९४ मतभार रहेको छ। दुई जना प्रदेशसभा सदस्य मात्र रहेको राप्रपाको एक सय छ, तीन स्थानीय तहको प्रमुख र उपप्रमुख रहेको राष्ट्रिय जनमोर्चाको ५७, एक प्रदेशसभा सदस्य र एक स्थानीय प्रमुख रहेको नेकपा (एकीकृत समाजवादी)को ७२ र स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित मनाङको डिस्याङ गाउँपालिकाका उपाध्यक्ष छिरिङ गुरुङको १९ मतभार छ।

गण्डकीमा कुल छ हजार चार सय १० मतभार रहेकामा सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनमोर्चाको मतभार जोड्दा तीन हजार आठ सय २७ पुग्छ। बाँकी एमालेसँग दुई हजार चार सय र राप्रपासँग एक सय छ मतभार छ। गण्डकीमा ६० जना प्रदेशसभा सदस्य र ८५ वटा स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता छन्।

बलियो मतभार गठबन्धन दलका पक्षमा रहेकाले आफ्ना उम्मेदवारले सहजै निर्वाचन जित्ने सत्ता गठबन्धनको राष्ट्रियसभा सदस्य निर्वाचन प्रदेश समन्वय समितिका संयोजक एवं नेपाली कांग्रेस गण्डकीका सभापति शुक्रराज शर्माले बताए । उनले गठबन्धनका उम्मेदवारलाई जिताउन प्रदेशका ११ वटै जिल्लामा मतदाता भेटघाटको कार्यक्रम तय गरिएको जानकारी दिए।

# मुलुकले राजनीतिक प्रतिबद्धता खोजिरहेको छ : सांसद गौतम

**टुडे समाचारदाता**

काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका पछाडि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहास छ। विभिन्न कालखण्डका राजतन्त्र, निरङ्कुशता र केन्द्रीकृत शासन व्यवस्थालाई त्याग्न हामीबीचको एकता तथा साझा प्रतिबद्धताकै कारण अहिलेको व्यवस्था ल्याउन हामी सफल भएका हौं।



राजनीति भनेको सेवा हो। जबसम्म राजनीति सेवाभावले गरिँदैन तबसम्म सही प्रतिफल प्राप्त गर्न सक्दैंनौ । प्राप्तिको चाहना राजनीति हुन सक्दैंन । लामो सङ्घर्षबाट ल्याएको अहिलेको उत्कृष्ट राजनीतिक प्रणाली व्यवस्थापन गर्न हिजोजस्तै राजनीतिक प्रतिबद्धता मुलुकले खोजिरहेको छ। सङ्घीयतालाई व्यवस्थापन गर्नेतर्फ जानुपर्छ भन्नेमा सांसदको दुईमत छैन । एकरुपता नै छ। तर नेतृत्वमा सुधार गर्ने बानी देखिँदैन । सुधारको लक्षण सोमबारको आवश्यकता हो । राजनीतिप्रति निराश भएका जनतालाई विश्वास जगाउनुपर्छ । हामी बहुदलीयता र बहुलवादसहितको खुला समाजमा छौं । नेपालको संविधानले प्रत्यक्ष र प्रतिनिधिमूलक लोकतन्त्रको सम्मिश्रणसहित प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीको अभ्यास अवलम्बन गरेको छ। तर, संविधानको परिकल्पना तथा भावनाभन्दा बाहिर गएर काम गर्दा हामीमाझ समस्या देखापरिरहेका छन्।

संविधानले सबै जातजाति, धर्म, वर्ग, सिमान्तकृत समुदायलाई लक्षित गरी ल्याएको समानुपातिक समावेशीताको प्रयोग, मनपरेका व्यक्तिको भर्तीकेन्द्र बनेको छ। संविधानको भावना र सिद्धान्तबाट बाहिर गएपछि समस्या आउँछ । यसैको प्रतिफल अहिले हामी भोग्दै छौं । कानुन निर्माण गर्ने मुख्य जिम्मेवारी लिएका हामीले विषयगत समितिमा छलफल गरिरहेका छौं । विषयको उठान पनि गरेका छौं। अबको अधिवेशनमा बाँकी रहेका कानुन बनाउन पहल बनाउनुपर्छ भन्ने छ।

संसदीय अभ्यासबाट म आफूसँग पनि सन्तुष्ट छैन । एक वर्षमा हामीले जति गर्नुपर्ने थियो त्यति गर्न सकिएन । कानुन बनाउन निर्वाचित भएका हामीले अघिल्लो अधिवेशनमा एउटा मात्र कानुन बनाएका छौं । कानुन नबनाउने, राजनीतिक व्यवस्थाको व्यवस्थापन नगर्ने, संविधानको परिकल्पना तथा मर्मभन्दा बाहिर गएर कार्यान्वयन गर्ने तर प्रतिफल उत्कृष्ट खोज्छौं। समस्या यहाँनिर छ। व्यवस्थामा कमजोरी होइन, हामीमा छ । जसरी हामीले संसदीय अभ्यास गर्नुपर्थ्यो सोहीअनुसार हामीले नगरेका हौं।

संसद्ले काम गरेन भनेको मतलब सरकाले संसद्लाई काम दिएन भन्नु हो। म सरकार पक्षकै सांसद हो। एउटा मात्र कानुन बन्नुको पछाडि हामीले संसद्लाई बिजनेस दिन सकेनौं । त्यसको समीक्षा सरकारले गर्नुपर्छ। हामीले हाम्रो संसदीय दलको बैठकमा, हामी गठबन्धनका नेताहरुसँग, सबै दलका साथीहरुसँग भन्छौं, सरकारले बिजनेस त दिनुपर्यो नि। कानुन बन्न नसक्नुको दोष सरकारलाई जान्छ।

सांसदको मुख्य जिम्मेवारी प्रभावकारी बन्न नसक्दा संसद्मा खर्च मात्र भयो, रकम दुरुपयोग, सांसदले यत्ति पैसा खाए, सिध्याएलगायतका नकारात्मक भाष्य निर्माण भएको छ । सांसदलाई निरिह बनाएर राखिएको छ । समाजमा हामीले जुन किसिमको नकारात्मकता निर्माण गरेका छौं । जहाँ चपाउने दाँत एउटा, देखाउने दाँत अर्को । सरकार संसद्प्रति जिम्मेवार हुनुपर्छ। संसद् पनि आम जनताप्रति उत्तरदायी हुनुपर्छ । यो अन्योन्याश्रित सम्बन्ध छ।

जनतालाई सुशासनको अनुभूति दिलाउन, हामी सुध्रिनुको अर्को विकल्प छैन। मुलुकमा भ्रष्टाचार मौलाउँदै जानु, सुशासन कायम गर्न नसक्नुमा दोषी अरु कोही होइन, हामी नै हौं । हामी व्यक्ति दोषी हौं। राजनीतिक दल दोषी हो। हामी सुध्रिनु आवश्यक छ। हामीले आफूलाई सुधार नगरी अर्कालाई दोष लगाएर पन्छिन खोज्ने हो भने झन समाजलाई अर्को ठाउँमा लगिदिन्छ । अहिलेको जनताको सबैभन्दा ठूलो समस्या हामीले सुशासन दिन सकेनौं।

तीन तहका सरकारले भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिन सके जनतामा आशा, भरोसा, उत्साहको वातावरण सिर्जना हुन्छ। युवाको कर्हिगमन पनि रोकिन्छ । संविधानको परिकल्पना, विधिविधानभन्दा बाहिर जानुहुँदैन । त्यो परिधिभन्दा बाहिर गई कार्यान्वयन गर्दा समस्या आएको छ । तसर्थ सुधारको सुरुआत आफैँबाट गर्नु आवश्यक छ।

एउटा पुस्ताले दुःख नगरी मुलुक बनेको छैन। त्यसकारण एउटा पुस्ता उच्चरुपमा काम गर्न तयार हुनैपर्छ । अबको समय हामीले आफूलाई त्यसका लागि तयार गर्ने हो। सहरमा विलासी जीवनमा रमाउनुपर्छ भन्ने मानसिकताले मुलुकमा अनियमिता मौलाएको छ। हामीले भ्रष्टाचार नियन्त्रण गर्नैपर्छ। सुशासन दिनैपर्छ। हामीसँग अर्को विकल्प छैन।

सफल संसदीय अभ्यासलाई प्रभावकारी बनाउन नेतृत्वमा रहेका व्यक्ति इमानदार हुनुपर्छ । संविधानको परिकल्पनाभन्दा बाहिर गएर काम नगर्नेमा प्रतिबद्ध रही कार्यान्वयन गरेमा सोहीअनुसारको प्रतिफल प्राप्त गर्न सकिन्छ। अहिलेको व्यवस्थाप्रतिको जनताको माया अपार छ जसले सांसदको गरिमा बढाएको छ।

लामो समयदेखि केन्द्रीकृत शासन प्रणाली पाएका जनताले सङ्घीय सरकारको भूमिका कानुन बनाउने, विधिसङ्गत रुपमा शासन सञ्चालन गर्ने, प्रणालीलाई व्यवस्थित गर्नमा केन्द्रित हुन्छ भनी बुझ्न सकेका छैनन्। हामी व्यवस्थाअनुसारको सांसदको भूमिका जनतालाई बुझाउन सकेका छैनौं। जनताको एकात्मक शासन व्यवस्थामा रहेको मनोविज्ञान केन्द्रीकृत शासन व्यवस्थामा आइपुग्दा पनि परिवर्तन गर्न सकेका छैनौं।

जनतालाई सांसदप्रति विश्वासको वातारण निर्माण गर्न आवश्यक छ । मेरो पहिलो कार्यकाल अन्य कार्यकालको तुलनामा बढी प्रभावकारी बन्यो । त्यसपछिका कार्यकाल क्रमशः कम प्रभावकारी बने । कारण हिजोको व्यवस्थामा सांसदको भूमिका सोमबार पनि अपेक्षा गर्नु । सडक निर्माण, खानेपानी, बिजुलीलगायतका विकास निर्माणका काममा स्थानीय सरकारको प्रत्यक्ष भूमिका रहने तर जनताले सङ्घीय सरकारबाट अपेक्षा गर्दा हामीप्रतिको विश्वास घट्दो पाइन्छ। जनताले विकासका पूर्वाधार निर्माणका समस्यालाई सम्बोधन गर्न स्थानीय तथा प्रदेश सरकारलाई सचेत गराउने अप्रत्यक्ष रुपमा भूमिका हामी निर्वाह गरिरहेकै हुन्छौं। हामी जनताका प्रतिनिधि हौं । जनताका समस्या सम्बोधनमा सहजीकरण गर्नुपर्छ।

व्यक्तिगत रुपमा म स्थानीय सरकारलाई अझ बलियो बनाउनुका साथै लगाम पनि लगाउने गर्नुपर्छ भन्ने पक्षमा छु। अझ बढी अधिकार दिई सशक्त तथा सक्षम बनाउनुपर्छ। स्थानीय सरकार भएपछिका कामकारबाही धेरै ठाँउमा राम्रा छन् । तर कतिपय ठाउँमा परिकल्पना बाहिर गएको पाइन्छ। स्थानीय सरकार बेलगाम भएको छ। स्थानीय सरकारले आफैं खर्च गर्ने, बजेट निर्माण, कानुन निर्माण गर्छ । उसले प्रतिपक्षको सामना गर्दैन। स्थानीय तहलाई प्रतिपक्ष भएको बनाउनुर्प्यो । पार्टीले पालिका प्रमुख उपप्रमुखको टिकट दिएर वडाध्यक्षको नदिई स्वतन्त्र छोडिनुपर्‍यो । जो मान्छे सक्षम, क्षमतावान् छ उहीं आउँछ। पार्टीको छत्रछायाँमा हुने अपराधिक गतिविधि सङ्गठित अपराधजस्तो भयो । यसबाट रोक्नुपर्छ।

मेरो निर्वाचन जिल्ला बर्दिया कृषिको प्रचुर सम्भावना रहेको छ । कृषिमा आधारित अर्थतन्त्र छ। मेरो प्राथमिकता किसान हो । तर किसानले मल, बीउ, सिँचाइ, बजार पाएका छैनन्। जुन मैले मेरा मतदातालाई कृषिका सामग्री दिन सकिन। जनता कहाँबाट खुसी हुनु ? बर्दिया राष्ट्रिय निकुञ्जले ५२ प्रतिशत क्षेत्र ओगटेको बर्दियामा जङ्गली जनावरको आतङ्क छ। राष्ट्रिय निकुञ्जको व्यवस्थापन हामीमाझ ठूलो चुनौतीको विषय हो। तीस वर्षसम्म पनि बबई सिँचाइ आयोजना सम्पन्न हुनसकेको छैन। राज्यको नीतिनिर्माणमा हामी छौं तर एकथरीले साँचो लिएर बसेको छ खोल्दै खोल्दैन। संसद्मा बोलेर, कराएर मात्र पनि नहुँदो रहेछ। तुलनात्मक रुपमा जनता केही सन्तुष्ट होलान तर अपेक्षाअनुरुप सन्तुष्टिको वातावरण सिर्जना हुन सकेको छैन।

(सांसद गौतमसँग रासस समाचारदाता सीता भट्टराईले गरेको कुराकानीमा आधारित। राजनीतिमा संलग्न हुनुपूर्व सामाजिक क्षेत्रमा आबद्ध रहेका सांसद गौतम विपी कोइराला र सुशील कोइरालाको विचार तथा उत्प्रेरणाबाट प्रभावित भई २०३६ सालदेखि राजनीतिमा आबद्ध भएका हुन्। चार पटक प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुनुभएका सांसद गौतम पहिलो संविधानसभामा पराजित भए पनि २०७० र २०७४ सालमा निर्वाचित भए। बर्दिया क्षेत्र नं १ बाट निर्वाचित गौतम नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य छन् । बर्दियाको गुलरिया स्थायी ठेगाना भएका गौतम यसअघि सिँचाइमन्त्रीसमेत रहिसकेका छन्।

# अर्थतन्त्र सुधारको सङ्केत हो : प्रधानमन्त्री

**टुडे समाचारदाता**

अर्घाखाँची । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अघिल्लो वर्ष निजी क्षेत्र सङ्कटमा रहेकामा यस वर्ष क्रमशः सुधार आई उद्यमी व्यवसायीमा उत्साह सञ्चार भएको बताएका छन्।

नेपाल पत्रकार महासङ्घ अर्घाखाँचीद्वारा सन्धिखर्कमा सोमबार आयोजित ‘आर्थिक विकास, पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारीका लागि अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रम’लाई सम्बोधन गर्दै प्रधानमन्त्रीले अघिल्लो वर्ष आर्थिक सङ्कटका कारण सार्वजनिक मेला-महोत्सव विरलै हुने गरेकामा यस वर्ष अभियानकै रुपमा महोत्सवहरु आयोजना हुनु अर्थतन्त्र सुधारका दृष्टिले शुभसङ्केत भएको बताए।




प्रधानमन्त्रीले भने, “अघिल्लो वर्ष यस्ता मेला-महोत्सव विरलै आयोजना हुन्थे तर यस वर्ष अभियानकै रुपमा मेला हुन थालेका छन् । विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय वित्तीय संस्थाले पनि नेपालको अर्थतन्त्रमा क्रमशः सुधार आएको जनाएका छन् । हाम्रा लागि यो शुभसङ्केत हो ।” उनले उद्योगी-व्यवसायीहरूलाई उत्साही भएर काम गर्न आग्रह गरे। देश र जनताका पक्षमा काम गर्न मन्त्रीहरुलाई निर्देशन दिएको बताउँदै प्रधानमन्त्रीले कार्य सम्पादनमा कमजोर हुने मन्त्रीलाई हटाउने चेतावनी पनि दिए।

प्रधानमन्त्रीले अर्घाखाँचीको सिद्धारा-जलुके क्षेत्रमा जनयुद्धकालमा आफू हिँडेको स्मरण गर्दै यस क्षेत्रको पर्यटकीय विकासका निम्ति आफू सकारात्मक रहेको बताए । उनले अर्घाखाँचीको विकासमा सङ्घीय सरकारले प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै जिल्लाको विकासप्रति स्थानीय राजनीतिक दलमा देखिएको एकता र सहकार्यको सराहना गरे।

प्रधानमन्त्रीले भने, “गोरुसिङ्गे-सन्धिखर्क सडक निर्माणका निम्ति आवश्यक बजेटको प्रबन्धका साथै गच्छे-भालुवाङ सडकलगायत रणनीतिक परियोजनाहरु सम्पन्न गर्न सङ्घीय सरकारको सहयोग रहनेछ। सन्धिखर्क-शीतगङ्गा र भूमिकास्थान नगरपालिका तथा मालारानी-छत्रदेव र पाणिनी गाउँपालिकाको विकासका निम्ति सङ्घीय सरकारले ध्यान दिनेछ।”

अर्थतन्त्रलाई चलायमान बनाउन आफू नेतृत्वको सरकारले भरमग्दुर प्रयास गरिरहेको स्पष्ट गर्दै प्रधानमन्त्रीले भने, “जतिबेला मैले सरकारको नेतृत्व लिएको थिएँ, त्यतिबेला अर्थतन्त्र निकै चुनौतीपूर्ण अवस्थामा थियो । निर्वाचनबाट आएको त्रिशङ्कु संसद्ले राजनीतिक स्थायित्व दिने नदिनेमा निकै ठूलो संशय थियो तर एक वर्षको अनवरत प्रयासबाट देश र जनतासामु विद्यमान चुनौती सम्बोधन हुँदै गएका छन्।

प्रधानमन्त्रीले विदेशी मुद्राको सञ्चितिमा प्रगति भएको, पर्यटक आगमनमा वृद्धि भएको, बैङ्कको ब्याज कटौती गरिएको, सहकारी र लघुवित्तका समस्या सम्बोधन भएका, भुक्तानी सन्तुलन, विप्रेषण वृद्धिका साथै शिथिल भएको उद्योग-व्यवसाय क्षेत्र क्रमशः चलायमान हुन थालेको बताए।

विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय सङ्घसंस्थाले नेपालको अर्थतन्त्रमा क्रमशः सुधार आएको तथा सन् २०२४ मा थप प्रगति हुने प्रक्षेपण गरेका बताउँदै प्रधानमन्त्री दाहालले एक वर्षको अवधिमा सामाजिक न्याय, सुशासन र समृद्धि प्राप्तिका निम्ति काम भएका उल्लेख गरे।

फरक प्रसङ्गमा प्रधानमन्त्रीले अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिक क्षेत्रमा प्रगति भएको, आफ्नो चीन र भारत भ्रमणका साथै विश्व खाद्य सम्मेलन, राष्ट्रसङ्घीय महासभा, विश्व जलवायु सम्मेलन र राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण र यसै साता युगान्डामा आयोजना हुने असंलग्न राष्ट्रहरुको सम्मेलन (नाम) मा आफूले गर्ने सम्बोधनबाट देशको अन्तरराष्ट्रिय छवि अझ उजागर हुने विश्वास व्यक्त गरे।

त्यस अवसरमा पर्यटन राज्यमन्त्री सुशीला श्रीपाली, पूर्वउपसभामुख पुष्पा भुसाल, पूर्वऊर्जामन्त्री पम्फा भुसाल, प्रदेश सांसद रामजी घिमिरे, नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष बिपुल पोखरेललगायत सबै स्थानीय तहका प्रमुख-उपप्रमुखको उपस्थिति थियो।

# ‘मेलम्चीको पानी नियमित गराउन सरकार प्रयासरत’

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले काठमाडौं उपत्यकाको बढ्दो जनसंख्यालाई सुरक्षित तथा दिगो खानेपानी सेवा उपलब्ध गराउन सरकार प्रयासरत रहेको बताएका छन् । सिंहदबारमा सोमबार मेलम्ची खानेपानीको पथान्तरण पुनर्वितरणको शुभारम्भ गर्दै उनले मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्सको निर्माणको कार्य यथाशीघ्र सम्पन्न गरी दोस्रो चरणको याङ्ग्री तथा लार्के नदी डाईभर्सनको कार्यसमेत निश्चित कार्ययोजना बनाइ अगाडि बढाइने बताए।

सुन्दरीजलमा थप क्षमताको पानी प्रशोधन केन्द्र तथा काठमाडौं उपत्यकामा नयाँ वितरण प्रणाली र फोहर पानी प्रशोधन प्रणालीसमेत विकास गरिने जनाउँदै प्रधानमन्त्री दाहालले अर्को चरणमा नयाँ वितरण सञ्जालमार्फत काठमाडौं उपत्यकाभित्र खानेपानी वितरणको थालिने बताए । उनले तोकिएको परिमाणको खानेपानी सेवा २४ सै घण्टा उपभोक्ताको धारामा वितरण गरिने व्यवस्था मिलाउनसमेत निर्देशन दिए।

दीर्घकालीन रूपमा समस्या समाधान नहुञ्जेलसम्मका लागि हरेक वर्ष मनसुनबाट हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै मनसुन अवधिभर सुरूङ सञ्चालन बन्द गर्नुपर्ने बाध्यता रहेका उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बाह्रैमहिना पानी आपूर्ति गर्ने व्यवस्था मिलाउन सरकार क्रियाशील रहेको बताए । यस वर्षको बाढीले मेलम्ची हेडवर्क्समा गत वर्षको तुलनामा धेरै क्षति पुऱ्याएकाले पानी आपूर्तिमा केही विलम्ब हुन गएको उनको भनाइ छ।

खानेपानी मन्त्रालय तथा मेलम्ची खानेपानी विकास समितिको प्रयासमा यस वर्ष खानेपानी पथान्तरण कार्य सम्पन्न भई पुनः वितरण शुभारम्भ भएको जनाउँदै उनले आयोजनालाई दीगो रूपमा सञ्चालन गर्ने विषय सरकारको प्राथमिकतामा रहेको बताए। “दीर्घकालीन समस्या समाधानका लागि विस्तृत अध्ययन तथा ठोस् कार्ययोजना बनाइ आयोजनाको पुनःनिर्माणको कार्य कार्यान्वयन गरिनेछ”, उनले भने, “आयोजनाअन्तर्गत हाल प्रयोग हुँदै आएको वैकल्पिक प्रणालीलाई पनि बाह्रैमहिना सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन सम्बन्धित पदाधिकारीलाई निर्देशनसमेत दिएको छु।”

खानेपानी मन्त्री महिन्द्रराय यादवले मेलम्ची खानेपानी आयोजनालाई बाह्रै महिना निरन्तर सञ्चालन गर्न तथा याङ्ग्री र लार्के खोलाको पानी ल्याएर राजधानीवासीको प्यास मेट्न आफू क्रियाशील रहेको बताए । उनले काठमाडौं उपत्यकामा खानेपानीको बैकल्पिक व्यवस्था गर्न सिस्नेरी, महादेव खोला र ठोस्ने खोलाको पानी ल्याउनेबारे छलफल भइरहेको जानकारी दिए।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले काठमाडौं उपत्यकावासीलाई सर्वसुलभ रुपमा २४ सै घन्टा खानेपानी उपलब्ध गराउनेतर्फ सरकारको ध्यानाकर्षण गराए । मुख्यसचिव डा बैकुण्ठ अर्यालले मेलम्ची आयोजनालाई दिगो बनाउन कार्ययोजना बनाएर अघि बढ्न आग्रह गरे।

# गणतन्त्रलाई सुदृढ बनाउन राष्ट्रपतिको आग्रह



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको पूर्ण कार्यान्वयन नभएकाले जनतामा निराशा छाएको बताउँदै सङ्घीय संसद्मा रहेका दललाई संविधान कार्यान्वयनका लागि तत्काल आवश्यक कानुन बनाउन आग्रह गरेको छ।

माघीका अवसरमा शीतल निवासमा सोमबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका नेतालाई सम्बोधन गर्दै उनले समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्र साकार पार्ने प्रण गर्न आग्रह गरे।

राष्ट्रपतिले भने-“यो संविधानले उत्पीडित, उपेक्षित, पिछडिएका जनतालाई अधिकार सम्पन्न बनाएको छ। जनतालाई यो अधिकार दिइएकामा विश्व समुदायले पनि हाम्रो संविधानको प्रशंसा गरेको छ । संविधान व्यावहारिक रूपमा पूर्णरुपेण कार्यान्वयन हुन बाँकी छ। जनतामा देखिएको निराशा अरु कारणले होइन, संविधान कार्यान्वयन नभएर हो। संविधान कार्यान्वयन गर्न शीघ्र कानुन बनाएर जनताको निराशालाई आशामा परिणत गरौं ।” उनले नेपाली जनताले कहिल्यै पछाडि फर्कन नचाहेको स्पष्ट पारे । “नेपाली जनताको चाहना मैले पनि बुझेको छु। नेपाली जनता कहिल्यै पछाडि फर्कन चाहँदैनन् । उनीहरूको चाहनाअनुसार अगाडि बढ्ने हो । त्यसैले समावेशी सङ्घीय लोकातान्त्रिक गणतन्त्रलाई साकार पारेर जनताको त्यो चाहना पूरा गर्ने तपाई हामी सवै मिलेर सोमबारको दिनमा प्रण गरौं,”राष्ट्रपति पौडेललाई उद्धृत गर्दै राष्ट्रपतिको निजी सचिवालयका एक अधिकारीले बताए।

त्यस अवसरमा उपराष्ट्रपति, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, राष्ट्रियसभाका उपाध्यक्ष, सङ्घीय संसद्मा प्रतिनिधित्व गरेका संसदीय दलका नेता, संसदीय समितिका सभापति र स्वतन्त्र सांसदहरूको उपस्थिति थियो।

# युक्रेनलाई सहयोगका लागि संयुक्त राष्ट्रसङ्घको आग्रह

**एएफपी**

जेनेभा । संयुक्त राष्ट्रसङ्घले सन् २०२४ मा युक्रेनमा मानवीय सहायता उपलब्ध गराउन र युद्धग्रस्त मुलुकबाट भागेका लाखौं शरणार्थीलाई सहयोग गर्न चार अर्ब २० करोड अमेरिकी डलर आवश्यक पर्ने बताएको छ।

गाजा युद्धले हालैका महिनाहरूमा चर्चा बटुलेको छ भने फेब्रुअरीमा युक्रेन-रूस युद्ध तेस्रो वर्षमा प्रवेश गर्नेछ ।संयुक्त राष्ट्रसङ्घले युक्रेनमा ८५ लाख मानिस र पूर्वी युरोपमा २३ लाख शरणार्थी र तिनका सहयोगी समुदायसम्म पुग्ने अपेक्षा गरेको छ ।संयुक्त राष्ट्रसङ्घले भनेको छ, "हालैको आक्रमणले युद्धको विनाशकारी नागरिक लागतलाई उजागर गरेको छ भने कठाङ्ग्रिँदो जाडोले मानवीय सहायताको तत्काल आवश्यकतालाई जोड दिइरहेको छ।

सन् २०२२ को फेब्रुअरीमा भएको रूसी आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपेली मुलुकमाथिको सबैभन्दा ठूलो आक्रमण र यसका कारण निम्तिएको शरणार्थी सङ्कट सन् १९३९ देखि सन् १९४५ को द्वन्द्वपछि महाद्वीपले सामना गर्नुपरेको सबैभन्दा ठूलो शरणार्थी सङ्कट बनेको छ । संयुक्त राष्ट्रसङ्घले यस वर्ष युक्रेनमा एक करोड ४६ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता पर्ने बताएको छ। यो युक्रेनी जनसंख्याको ४० प्रतिशत हो।

संयुक्त राष्ट्रसङ्घीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "लाखौं बालबालिका युद्धको अग्रपङ्क्तिमा रहेका समुदायमा बस्छन् र उनीहरू युद्धका कारण त्रसित भएका, आघातमा परेका र आफ्ना आधार भूत आवश्यकताबाट वञ्चित भएका छन् ।ग्रिफिथ्सले भन्नुभयो, "यो तथ्यले मात्र हामीलाई युक्रेनमा थप मानवीय सहायता ल्याउन सक्दो प्रयास गर्न बाध्य पार्नुपर्छ।"

उहाँले थप्नुभयो, "घर, विद्यालय र अस्पतालहरू पानी, ग्याँस र बिजुली प्रणालीहरू जस्तै बारम्बार प्रभावित हुन्छन् । समाजको संरचनामाथि नै आक्रमण भइरहेको छ र यसको विनाशकारी परिणामहरू आइरहेका छन् ।"ग्रिफिथ्स र शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त फिलिप्पो ग्रान्डीले जेनेभास्थित संयुक्त राष्ट्रसङ्घको कार्यालयमा संयुक्त पत्रकार सम्मेलनमा उक्त योजना सार्वजनिक गर्नुभएको हो।रूस-युक्रेन युद्धका कारण करिब ६३ लाख मानिस युक्रेनबाट भागेका छन् र शरणार्थीका रूपमा रहेका छन्।

क्षेत्रीय शरणार्थी प्रतिकार्य योजनाले २३ लाख शरणार्थी र शरणार्थीलाई आश्रय दिँदै आएका सहयोगी समुदायसम्म पुग्न एक अर्ब १० करोड अमेरिकी डलर आवश्यकता रहेको उल्लेख गरेको छ । "युक्रेनका लाखौं शरणार्थीलाई अझै पनि तत्काल सहयोगको खाँचो छ," ग्रान्डीले भन्नुभयो । संयुक्त राष्ट्रसङ्घका अनुसार विद्यालय जाने उमेरका युक्रेनी शरणार्थी बालबालिकामध्ये आधा मात्र सहयोगी देशका विद्यालयमा भर्ना भएका छन् भने एक चौथाइ शरणार्थीलाई स्वास्थ्य सेवाको पहुँचका लागि संघर्ष भइरहेको छ।

शरणार्थीमध्ये केवल ४० देखि ६० प्रतिशत मात्र रोजगारीमा छन् । उनीहरूले पाएको रोजगारी प्रायः उनीहरूको योग्यताभन्दा कम छ भने अझै पनि धेरै आफूलाई समर्थन गर्ने कुनै साधनको अभावका कारण असुरक्षित छन्।

ग्रान्डीले भन्नुभयो, "सहयोगी देशहरूले सुरक्षा प्रदान गर्न र उनीहरूलाई समाजमा समावेश गर्ने प्रयास जारी राखेका छन्, तर धेरै कमजोर शरणार्थीहरूलाई अझै पनि मद्दतको आवश्यकता छ। उनीहरूलाई फर्कन दबाब दिनु हुँदैन किनभने उनीहरू निर्वासनमा जीवन यापन गर्न सक्दैनन्।"

"सबै शरणार्थीहरूलाई मद्दत गर्नुपर्दछ र उनीहरूको प्रतिभाको प्रयोग र निर्माण गर्ने अवसरहरू दिनुपर्छ । परिस्थितिले अनुमति दिएको खण्डमा उनीहरूलाई अन्तिम स्वैच्छिक फिर्तीको लागि तयार गर्न सकिन्छ ।सन् २०२३ मा युक्रेनका लागि मानवीय सहायता योजनाले ३.९ अर्ब अमेरिकी डलर माग गरेको थियो र ६४ प्रतिशत रकम खर्च गरिएको थियो।

संयुक्त राष्ट्रसङ्घले विशेषगरी रूसी सेनाले कब्जा गरेको क्षेत्रमा पहुँच चुनौतीका बावजुद सन् २०२३ मा युक्रेनमा एक करोड पाँच लाख मानिससम्म सहायताकर्मी पुगेको जनाएको छ ।यस वर्ष आफ्नो विश्वव्यापी मानवीय अपीलमा संयुक्त राष्ट्रसङ्घले आफ्नो उद्देश्यहरूमा लगाम लगाउने प्रयास गरेको छ। यो वर्ष ३.१ अर्ब अमेरिकी डलर माग गरिएको छ।

संयुक्त राष्ट्रसङ्घले भनेको छ, "सन् २०२४ को प्रतिकार्य रणनीति देशभरका अति गम्भीर मानवीय आवश्यकता भएका व्यक्तिहरू, विशेष गरी अग्रपङ्क्तिमा रहेका व्यक्तिहरूमा केन्द्रित छ ।"रूसले आफ्नो शस्त्रागारलाई बलियो बनाउँदै हालैका हप्ताहरूमा युक्रेनमाथि हवाई आक्रमण तीव्र पारेको छ। यसले लामो युद्धको लागि तयार भएको छ र यसको अर्थव्यवस्थालाई पुनः निर्देशित गरेको छ।

# प्रधानमन्त्री कप क्रिकेटमा आर्मीको जित



काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले मधेस प्रदेशलाई एक सय २६ रनको भारी आन्तरले पराजित गरेको छ।

जीतका लागि तीन सय २१ रनको लक्ष्य पछ्याएको मधेस प्रदेश ४८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ९४ रनमा समेटियो।

मधेसका लागि पवन सराफले ८३ बलमा सात चौका र तीन छक्कासहित सर्वाधिक ६५ रन बनाए । त्यस्तै मयन यादवले ३२ बलमा ६ चौकासहित ३२ बनाए । राजेश यादवले ४८ बलमा ५ चौकासहित ३२ रनमा अविजित रहँदा रुपेश सिंहले १८, विशाल पटेलले १७ तथा हरिशङ्कर शाहले चार रन बनाए।

आर्मीका लागि साहब आलमले चार विकेट लिए भने सोमपाल कामीले दुई तथा जितेन्द्र मुखिया र कुशल मल्लले समान एक-एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित ५० ओभरमा नौ विकेटको क्षतिमा तीन सय २० रनको योगफल बनायो। आर्मीका लागि विनोद भण्डारीले ९३ बलमा नौ चौका र छ छक्कासहित एक सय १३ रनको शतकीय पारी खेले। यसैगरी सन्तोष कार्कीले ४२, कुशल मल्ल र विवेक यादवले समान ३७, इमरान शेखले २६, भीम सार्कीले १८ तथा बसिर अहमदले १६ रन बनाए।

आर्मीका लागि पाँचौ विकेटका लागि विनोद र कुशलले एक सय ३२ तथा पहिलो विकेटका लागि सन्तोष र इमरानले ५३ रनको साझेदारी गरेका थिए ।मधेसका लागि रन्जित कुमारले पाँच विकेट लिए भने विशाल पटेलले दुई तथा राजेश यादव र रुपेश सिंहले समान एक-एक विकेट लिए।

# राष्ट्रपति मुर्मु र प्रधानमन्त्री मोदीद्वारा शुभकामना व्यक्त



**एएनआइ**

नयाँदिल्ली । भारतका राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले जनवरी १५ मा सेना दिवसको अवसरमा भारतीय सेनालाई शुभकामना व्यक्त गर्नु भएको छ ।सशस्त्र बलका सर्वोच्च कमाण्डरसमेत रहनुभएका राष्ट्रपतिले भारतीय सेनालाई सम्बोधन गर्दै सेना दिवस २०२४ को अवसरमा भारतीय सेनालाई बधाई दिनु भएको हो।

राष्ट्रपति मुर्मुले आफ्नो शुभकामना सन्देश मार्फत भारतीय सेनाले देशको सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खलेको बताउनु भएको छ। उहाँले भन्नुभयो, "भारतीय सेनाले द्वन्द्व, आतङ्कवाद विरोधी कारबाही, राष्ट्रिय प्रकोप र अन्य प्रकोपहरूमा सधैँ व्यावसायिकता प्रदर्शन गरेको छ ।" भारतीय सेनाले प्रदर्शन गरेको अनुकरणीय नेतृत्व र निस्वार्थ समर्पण प्रशंसनीय रहेको उहाँको भनाइ छ।

राष्ट्रपति मुर्मुले आफ्नो सन्देशमा राष्ट्रको सेवामा आफ्नो जीवन बलिदान गर्ने बहादुरहरूको बलिदानलाई सधै सलाम गर्ने बताउनुभएको छ ।सोमबार प्रधानमन्त्री मोदीले सेनालाई बधाई दिँदै उनीहरू शक्ति र लचिलोपनका स्तम्भ भएको बताउनुभएको छ। उहाँले भारतीय सेनालाई शुभकामना सन्देशमार्फत् द्वन्द्व र विपत्तिको समयमा सेनाले खेलेको भूमिकाको प्रशंसा गर्नुभएको छ।

बाहिरी खतराहरूसँग लड्ने तथा प्राकृतिक प्रकोपको समयमा सहयोग गर्न भारतीय सेनाले साहसका साथ आफ्नो कर्तव्य निर्वाह गरेको प्रधानमन्त्री मोदीले बताउनुभएको छ। यसै सन्दर्भमा उहाँले अनुशासित र शक्तिशाली बलका रूपमा भारतीय सेनाले विश्वमा आफ्नो नाम कमाएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मोदीले सेना दिवसमा आयोजित सामारोहलाई सम्बोधन गर्दै सेनाको असाधारण साहस, अटुट प्रतिबद्धता र बलिदानलाई सम्मान गर्ने बताउनुभएको छ । भारतको राष्ट्रियताको रक्षा गर्न सार्वभौमिकता कायम राख्न सेनाको अथक समर्पण र बहादुरीको प्रमाण भएको उहाँ बताउनुभएको छ । सन् १९४९ को अन्तिममा ब्रिटिस कमान्डर-इन-चिफ जनरल फ्रान्सिस रोय बुचरबाट जनरल केएम करिअप्पाले भारतीय सेनाको कमाण्ड सम्हालेको अवसरमा हरेक वर्ष जनवरी १५ लाई सेना दिवसको रूपमा मनाइन्छ।

# गाजामा भएको आक्रमणमा ६० भन्दा बढीको मृत्यु

**एएफपी**

गाजा पट्टी । हमासद्वारा नियन्त्रित गाजा क्षेत्रमा रहेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले इजरायली सेनाको आक्रमणमा ६० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको सोमबार जनाएको छ।

गाजा पट्टीमा इजरायली आक्रमण र तोपको बमबारीका कारण दर्जनौं व्यक्ति घाइते भएको हमासको सञ्चार कार्यालयले जनाएको छ ।दक्षिणी शहर खान युनिस र राफाका साथै गाजा शहर वरपरका क्षेत्रमा आक्रमण भएको सञ्चार माध्यमले जनाएका छन् ।दुई अस्पताल, छात्रा विद्यालय र दर्जनौं घरलाई निशाना बनाइएको हमासले बताएको छ ।अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत संरक्षित अस्पतालहरू युद्ध सुरु भएदेखि नै गाजामा इजरायली आक्रमणबाट बारम्बार प्रभावित हुँदै आएका छन्।

इजरायली सेनाले हमासले अस्पतालमुनि सुरुङ निर्माण गरेको र त्यसलाई कमान्ड सेन्टरका रूपमा प्रयोग गरेको र आफ्ना गतिविधिलाई ढाकछोप गर्न सर्वसाधारणको भौतिक संरचनाको दोहन गरेको आरोप लगाएको छ ।अक्टोबर ७ मा हमासका लडाकुहरूले इजरायलमाथि आक्रमण गरेपछि गाजामा युद्ध सुरु भएको थियो । युद्धका कारण इजरायलमा करिब एक हजार १४० जनाको मृत्यु भएको एएफपीलाई इजरायलबाट प्राप्त आधिकारिक तथ्याङ्कमा उल्लेख छ।

लडाकूहरूले लगभग २५० बन्धकहरूलाई पनि कब्जामा लिएकोमा करिब १०० भन्दा बढीलाई मुक्त गरिएको छ भने अझै १३२ जना गाजामा रहेको इजरायलले बताएको छ । बन्धकमध्ये कम्तीमा २५ जना मारिएको विश्वास गरिएको छ ।गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले प्रतिशोधस्वरूप हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता जनाएको छ। हमासको आक्रमणको प्रतिक्रियामा इजरायलले प्यालेस्टिनी क्षेत्रमा शुरु गरेको आक्रमणमा कम्तीमा २३ हजार ९६८ व्यक्तिको ज्यान गएको छ भने इजरायली सैन्य कारबाही निरन्तर चलेको छ।

# सुदूरपश्चिमको टोली घोषणा

**टुडे समाचारदाता**

बैतडी । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशको टोली घोषणा गरिएको छ। राजु रिजालको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरिएको हो।



सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीका अनुसार टोलीका अन्य खेलाडीमा टेक रावत, गजेन्द्र बोहरा, नरेन भट्ट, खडक बोहरा, किरनकुमार ठगुन्ना, नारायण जोशी, शेर मल्ल, नरेन साउँद, प्रकाश पाण्डेय, मिलन बोहरा, विकास आग्री, दीपक चन्द र भोराज भट्ट रहेका छन्। यस्तै अभिषेक पाल, वसन्त खत्री, युवराज खत्री र सञ्जय बोहरा वैकल्पिक खेलाडीका रूपमा छनोट भएका छन्।

हालै सम्पन्न छनोट प्रतियोगिता र त्यसपछि सञ्चालन गरिएको बन्द प्रशिक्षणमा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडी टोलीमा परेका अध्यक्ष जोशीले बताए । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिमले पहिलो खेल आगामी माघ १ गते भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा लुम्बिनी प्रदेशसँग खेल्ने तय भएको छ।

# भारतीय काङ्ग्रेसको 'राष्ट्रव्यापी पदयात्रा' शुरू



**सिन्ह्वा**

नयाँदिल्ली। भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेसले सन् २०२४ को आम निर्वाचनको पूर्वसन्ध्यामा आयोजना गरेको 'राष्ट्रव्यापी पदयात्रा' सोमबार इम्फाल वेस्टबाट शुरू गरिएको छ । काङ्ग्रेसको दोस्रो चरणको 'राष्ट्रव्यापी पदयात्रा' को दोस्रो दिन हो।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा पार्टीका वरिष्ठ नेता राहुल गान्धीले 'भारत जोडो न्याय यात्रा' अर्थात् 'भारत एकता न्याय मार्च' को आइतबार उद्घाटन गर्नुभएको थियो । गत बर्ष मणिपुरमा भएका जातीय हिंसाका कारण १८० भन्दा बढीको ज्यान गएको थियो र हजारौं घरबारविहीन भएका थिए। गान्धीले राज्यको थौबल जिल्लाबाट पदयात्रालाई उद्घाटन गर्नुभएको हो। उहाँले मणिपुरमा शान्ति र सद्भाव ल्याउने प्रतिज्ञा गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई मणिपुरको भ्रमण नगरेको भन्दै कटाक्ष गर्नुभयो।

उहाँले भन्नुभयो, "लाखौं मानिसले क्षति बेहोर्नुपर्‍यो, तर प्रधानमन्त्री यहाँ आँसु पुछ्न, हात समात्न वा अँगालो हाल्न आउनुभएको छैन ।" "तपाईंको पीडा उनीहरूको पीडा होइन,' गान्धीले प्रधानमन्त्री र उहाँको दलका नेतातर्फ सङ्केत गर्दै भन्नुभयो।

उहाँले भन्नुभयो, "मणिपुरका जनताले भोगेको पीडा हामीले बुझेका छौं । हामी चोट, दुःख बुझ्छौं । हामी जसको लागि यो राज्य परिचित थियो उनीहरूबीच सद्भाव, शान्ति र स्नेह फिर्ता ल्याउनेछौं ।" पलयात्राको लक्ष्य ६६ दिनमा छ हजार ७०० किलोमिटरभन्दा बढी दूरी पार गर्नु रहेको छ । मार्च २० मा भारतको आर्थिक राजधानी मुम्बईमा यसको समापन हुनेछ।

सन् २०२२ को सेप्टेम्बरमा गान्धीले करिब १५० दिनमा चार हजार किलोमिटरको दूरी पार गरेर यस्तै अभियान चलाउनुभएको थियो । जनवरी २०२३ मा समाप्त भएको पहिलो पदयात्राले काङ्ग्रेसजनबीच सकारात्मक प्रतिक्रिया पाएको थियो। पदयात्राले देशभरिका दलका हजारौं नेता, कार्यकर्ता तथा शुभेच्छुकलाई काङ्ग्रेसको भूमिकाप्रति आशावादी बनाएको थियो।

# सुडानमा युद्धबाट ७४ लाख व्यक्ति बिस्थापित

**सिन्ह्वा**

खार्तूम । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले सुडानमा युद्धबाट बिस्थापित भएका व्यक्तिको संख्या ७४ लाखभन्दा बढी पुगेको जनाएको छ।

सन् २०२३ अप्रिल १५ मा सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेसबीचको विस्तारले मध्य र पूर्वी सुडानमा मानवीय आवश्यकताहरूमा उल्लेखनीय वृद्धि गरेको संयुक्त राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ ।असुरक्षा, लुटपाट, खराब नेटवर्क र फोनको सम्स्या, नगदको अभाव, र सीमित प्राविधिक र मानवीय कर्मचारीहरूले सहायताको वितरणलाई असर गरिरहेको राष्ट्र सङ्घीय कार्यालयले



लडाइँ सुरु भएदेखि सुडानमा ७४ लाखभन्दा बढी मानिसहरू विस्थापित भएको मानवीय राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ । गत महिनामा सुडानमा विस्थापित मानिसहरूको सत्र्या करिब छ लाख ११ हजारले बढेको छ। बिस्थापित हुनेमध्ये धेरैजसो गेजिरा र अन्य राज्यहरूबाट भर्खरै विस्थापित भएका व्यक्ति हुन्।

बाली उत्पादन क्षेत्रहरूमा एसएएफ र आर एसएफ बीचको लडाइँको जनाएको छ।

सन् २०२४ को आइतबारसम्म सुडानमा मानवीय आवश्यकता र प्रतिक्रिया योजनाका लागि ३.१ प्रतिशत मात्र छुट्ट्याइएको छ । सुडानले १५ अप्रिल २०२४ देखि एसएएफ र आरएसएफबीचको घातक झडपहरू खेपिरहेको छ। युद्धमा अहिलेसम्म बाह्र हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय कार्यालयले अनुमान गरेको छ।

# कोलम्बियाको पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या छत्तीस पुग्यो

**एएफपी**

कोलम्बिया । उत्तरपश्चिमी कोलम्बियामा भएको पहिरोमा परी मृत्यु हुनेको सत्र्या ३६ पुगेको छ। आइतबार जारी आधिकारिक तथ्याङ्कअनुसार



उद्धारकर्ताहरूले हराएका मानिसहरूको खोजी जारी राखेका छन् । यसअघि अधिकारीहरूले मेडेलिन र क्विब्डो सहरलाई जोड्ने सडकमा शुक्रबार भएको पहिरोबाट २३ जनाको मृत्यु भएको बताएका थिए।

राष्ट्रपति गुस्ताभो पेट्रोले सबै पीडित परिवारप्रति समवेदना प्रकट गर्नु भएको छ । यसैगरी पोप फ्रान्सिसले भ्याटिकनबाट पीडितहरूका लागि प्रार्थना गर्नुभएको थियो । सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा पहाडको केही भाग ढलेर कारहरूको लाइनमा खसेको देखिन्छ। पहिरो खसेपछि लगत्तै केही मानिसहरू चिच्याएको आवाज सुनिन्छ।

कोलम्बियाको प्रशान्त महासागरमा अवस्थित चोको क्षेत्रमा २४ घण्टा भन्दा बढी तीव्र वर्षा पछि पहिरो गएको थियो । प्रशासन कार्यालयले थप पहिरोको उच्च जोखिमबारे चेतावनी दिएको छ ।कार्यालयले बुलेटिनमार्फत् यस क्षेत्रमा जोखिममा रहेका मानिसहरूको जीवन रक्षा गर्न सबै आवश्यक कदम चाल्न आह्वान गरेको छ।

डिसेम्बर २०२२ मा कोलम्बियाको सोही भागमा भएको भूस्खलनमा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने मानिसहरू बस लगायतका अन्य सवारी साधनहरूमा फसेका थिए ।कोलम्बियाको धेरै जसो भाग खडेरीको चपेटामा परेको बेला, मौसमविद्हरूले प्रशान्त क्षेत्रको सिमानामा रहेका धेरै विभागहरूमा भारी वर्षाको जोखिम रहेको चेतावनी दिएका छन्।

# लाङटाङ-भोटेकोशी आयोजनामा भित्रियो रु बीस अर्ब लगानी


काठमाण्डु । रसुवामा निमार्णाधीन लाङटाङ-भोटेकोशी जलविद्युत् आयोजनाले रु बीस अर्ब बराबरको वैदेशिक लगानी भित्र्याएको छ।

कूल एक सय २० मेगावाट क्षमताको सो आयोजना हाल निर्माणाधीन अवस्थामा छ । आयोजनाका प्रवर्द्धक रहनुभएका नेपाली कांग्रेसका नेता एवं सांसद दीपक खड्काका अनुसार चीनको बैंक अफ चाइनाबाट झण्डै रु १९ अर्ब ८५ करोड ७० लाख बराबरको वैदेशिक लगानी भित्रिएको छ। आयोजनाको कूल लागत रु २४ अर्ब ९५ करोड ४४ लाख ७३ हजार बराबर रहेको छ।

आयोजनामा संस्थापक लगानीकर्ताहरुले रु पाँच अर्ब नौ करोड ७४ लाख ७३ हजार बराबर लगानी गरेका छन्। नेपाल राष्ट्र बैंकको स्वीकृतिमा स्वपुँजीका रुपमा रु पाँच अर्ब नौ करोड ७४ लाख ७३ हजार बराबर भित्रीसकेको छ।रु १९ अर्ब ८५ करोड ७० लाख बराबरको रकम भने ऋणमा ल्याइएको हो । सांसद खड्काका अनुसार आयोजनाको सम्पूर्ण वित्तीय व्यवस्थापन भइसकेको छ। सो आयोजनाका लागि विद्युत् विकास विभागले आगामी फागुन २ गतेसम्म वित्तीय व्यवस्थापन गर्ने समयसीमा प्रदान गरेको थियो ।

आयोजनामा चिनियाँ कम्पनीको ९० प्रतिशत र नेपाली पक्षको दस प्रतिशत लगानी रहेको छ । आयोजनाका लागि आवश्यक रकम भित्र्याउने सम्बन्धमा प्रवर्द्धक कम्पनी लाङटाङ-भोटेकोशी जलविद्युत् आयोजना र चीनको निर्यात आयात बैंक सिचुआन शाखाबीच गत पुस २३ गते सम्झौता भएको थियो ।

कांग्रेस सांसद खड्काको पहलमा अगाडि बढाइएको उक्त आयोजना



चिनियाँ निर्माण कम्पनी सिचुवान हुवानी इनर्जी इन्भेस्टमेन्ट कम्पनी लिमिटेडले निर्माण गरिरहेको छ । विसं २०७६ पुसमा शिलान्यास भएको उक्त आयोजना निर्माणको काम अहिले धमाधम भइरहेको छ । सांसद खड्काले देशलाई आर्थिक समृद्धिको यात्रामा अघि बढाउने लक्ष्यका साथ आफूले ऊर्जा क्षेत्रमा लगानी भित्र्याएको जानकारी दिनुभयो ।

सरकारले राखेको विद्युत् विकासको लक्ष्यलाई साकार पार्ने उद्देश्यका साथ आफूले पनि जलविद्युत् आयोजना निर्माण गरिरहेको जानकारी दिँदै उहाँले भन्नुभयो " सरकारले गर्नुपर्ने काममा मेरोतर्फबाट पनि सानो सहयोग होओस् भन्ने ध्येयका साथ वैदेशिक लगानी भित्र्याइएको हो ।" रसुवाको फङ्लुङखोला र भोटेकोशीको दोभानदेखि करिब एक सय ५० मिटरमाथि भोटेकोशी नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ।

उक्त आयोजनामा चार हजार आठ सय ३५ मिटर लामो सुरुङ निर्माण गरिने छ। स्थानीय चिलिमेखोला र भोटेकोशीको सङ्गमस्थलमा विद्युत्गृह निर्माण गरिने आयोजनाले जनाएको छ । परियोजनाको निर्माण कार्य कोरोनालगायत काबु बाहिरको परिस्थितिका कारणले असर परे पनि हाल २० प्रतिशत बराबरको भौतिक प्रगति भएको छ। विद्युत् विकास विभागले आवश्यक प्रक्रिया पूरा भएको जनाएको छ । आयोजना शीघ्र निर्माण गर्ने गरी प्रवर्द्धक कम्पनीले गति दिएको छ।

आयोजनाबाट उत्पादित बिजुली सुक्खायाममा प्रतियुनिट आठ रुपैयाँ ४० पैसा र वर्षायाममा प्रतियुनिट चार रुपैयाँ ८० पैसामा खरिद गर्ने सम्झौता २०७४ पुस ७ गते भएको थियो । रसुवाको स्याफ्रुबेंसी नजिकै आयोजनास्थल भएकाले पनि उपकरण ढुवानी, निर्माण सामग्रीको जोहो गर्न सहज भएको छ। आयोजनाबाट उत्पादित बजुली करिब पाँच किलोमिटर लामो एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको चिलिमे हब सवस्टेशनमा जोडिनेछ।

नदी प्रवाहमा आधारित सो आयोजना चार वर्षभित्र निर्माण गर्ने लक्ष्यका साथ सुरु भएको हो। सरकारले स्वपुँजी २० प्रतशत भन्दाघटी र विदेशी पुँजी ८० प्रतिशत भन्दाबढी नहुने गरी एक सय मेगावाटभन्दा ठूला आयोजनामा अमेरिकी डलरमै विद्युत् खरिदबिक्री सम्झौता गर्ने निर्देशिका ल्याएको थियो ।

सो अनुसार नै लाङटाङ भोटेकोशी आयोजनाका हकमा अधिकतम दस वर्षसम्म अमेरिकी डलरमा भुक्तानी गर्ने र त्यसपछि नेपाली रुपैयाँमै भुक्तानी गर्ने गरी सम्झौता भएको छ। यसैगरी चिलिमे जलविद्युत् कम्पनीको सहायक कम्पनीका रुपमा रहेको रसुवागढी र साञ्जेनले निर्माण गरेका तीन आयोजना अन्तिम चरणमा पुगेका छन् । कूल एक सय ११ मेगावाट क्षमताको सो आयोजनाले वार्षिकरुपमा छ सय १३ गिगावाट घण्टा बराबरको ऊर्जा उत्पादन गर्नेछ।

साञ्जेन जलविद्युत् आयोजनाअन्तर्गतको १४ दशमलव आठ मेगावाट क्षमताको माथिल्लो साञ्जेन जलविद्युत् आयोजना पनि निर्माण भएको छ । यसैगरी रसुवका आमाछोदिङ्गो गाउँपालिका-५ मा निर्माणाधीन ४२ दशमलव पाँच मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको मुख्य सुरुङमा गत पुस ११ गते बुधबारदेखि पानी भर्ने काम सुरु भएको छ । सो आयोजनाको परीक्षणको काम हाल भइरहेको छ।

यस्तै लाङटाङ खोलामा २० मेगावाट क्षमताको लाङटाङखोला जलविद्युत् आयोजना निर्माणको क्रममा छ। रसुवामा मात्रै कूल पाँच सय ८४ मेगावाट क्षमताका आयोजना निर्माणका विभिन्न चरणमा छन् । त्यसमध्ये २२ मेगावाट क्षमताको चिलिमे २०७१ सालदेखि सञ्चालनमा छ । जलविद्युत् आयोजनाका लागि केन्द्रका रूपमा स्थापित सो जिल्लामा पहिचान भएका अन्य आयोजनालाई पनि शीघ्र निर्माणको प्रक्रियामा अगाडि बढाउने सरकारको लक्ष्ये छ।रासस

# आम्दानी पाँच खर्ब १८ अर्ब खर्च पाँच खर्ब ६६ अर्ब

काठमाण्डु । आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानीभन्दा खर्च बढी भएको देखिएको छ। पुस मसान्तसम्ममा मुलुकले रु ४८ अर्ब ४६ करोड ५७ लाख बराबर बजेट घाटा व्यहोरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार बजेटको अर्धवार्षिक समीक्षा अवधिमा वार्षिक लक्ष्यको ३५ दशमलब १९ प्रतिशत आम्दानी र ३२ दशमलब ३५ प्रतिशत खर्च भएको छ।



चालु आवका लागि सरकारले कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजश्व उठाउने लक्ष्य लिएको छ। कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा रु पाँच खर्ब १८ अर्ब १५ करोड ५६ लाख बराबर राजश्व असुली भएको छ । यो वार्षिक लक्ष्यको ३५ दशमलव १९ प्रतिशत बराबर हो। छ महिनामा कर राजश्वतर्फ ३३ दशमलव ९८ प्रतिशत अर्थात् रु चार खर्ब ४३ अर्ब ५५ करोड २० लाख उठेको छ। गैरकरतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २३ प्रतिशत अर्थात् रु ५२ अर्ब ९४ करोड ७८ लाख बराबर असुली भएको छ।

चालु आवका लागि कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखिएकामा हालसम्म पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिइएको छ। चालु आवका लागि कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट रहेकामा पुस मसान्तसम्ममा रु पाँच खर्ब ६६ अर्ब ६२ करोड १३ लाख खर्च भएको छ । यो वार्षिक लक्ष्यको ३२ दशमलव ३५ प्रतिशत बराबर हो। चालुगत शीर्षकमा कूल रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर बजेट छुट्याइएकामा ३८ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब ३७ अर्ब ३८ करोड १२ लाख खर्च भएको छ। चालु शीर्षकमा हालसम्म भएको खर्च वार्षिक लक्ष्यको ३८ दशमलव ३१ प्रतिशत हो।

त्यसैगरी, पुँजीगत खर्च शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर छुट्याइएकामा १६ दशमलव तीन प्रतिशत अर्थात् रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्थामा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट विनियोजन भएकामा २६ दशमलव दुई प्रतिशत अर्थात् रु ८० अर्ब ४३ लाख बराबर खर्च भएको छ।रासस

# किसानलाई फलफूलको बेर्नामा अनुदान

गोरखा । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्व्यन एकाइ गोरखाले किसानलाई सुन्तला जातका फलफूलको बेर्नामा अनुदान उपलब्ध गराएको छ । परियोजनाअन्तर्गत किसानलाई रु १७ लाख ८० हजार रकम उपलब्ध गराइएको हो।



फलफूलको उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यसहित परियोजनाले फलफूलका बेर्नामा अनुदान उपलब्ध गराएको परियोजना कार्यालय गोरखाकी प्रमुख वरिष्ठ कृषि अधिकृत पूर्ण ढुङ्गानाले जानकारी दिनुभयो । "किसानलाई फलफूल खेतीतर्फ आकर्षित गर्दै उत्पादन बढाउने परियोजनाको उद्देश्य छ", उहाँले भन्नुभयो, "सोहीअनुरुप व्यावसायिक रुपमा सुन्तला जातका फलफूलको खेती गर्ने किसानलाई बेर्नामा अनुदान उपलब्ध गराएको हो।"

परियोजनामार्फत कार्यालयबाट गत आर्थिक वर्षमा कूल २४ हजार एक सय १६ फलफूलका बेर्ना खरिद गरेर वितरण गरेको प्रमुख ढुङ्गानाले बताउनुभयो । परियोजनाले कृषक समूह, सहकारी, कृषि उद्यमीलाई माग आधारमा मात्र नभई जमिनको क्षमता र आवश्यकताको पहिचान गरी ५० प्रतिशत अनुदानमा फलफूलका बेर्ना वितरण गर्दैआएको छ। कार्यालयले बेर्नामा अनुदान उपलब्ध गराएसँगै गत आवमा जिल्लामा थप ८० हेक्टर जमिनमा सुन्तला खेती गर्ने क्षेत्रफलमा वृद्धि भएको छ।


परियोजनाले चक्लाबन्दी खेती, नमूना बगैँचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत किसानलाई बेर्नामा अनुदान उपलब्ध गराएको हो।

परियोजनाअन्तर्गत गोरखा नगरपालिका, सहिद लखन गाउँपालिका, धार्चे गाउँपालिका, भीमसेनथापा गाउँपालिका, आरुघाट गाउँपालिका तथा पालुङटार नगरपालिकामा कार्यक्रम सञ्चालन गरिएको छ। यस्तै परियोजनाअन्तर्गत नै तनहुँको भानु नगरपालिका-११ र बन्दीपुर गाउँपालिका-६ मा पनि उक्त कार्यक्रम सञ्चालन गरिएको छ।रासस

# मौरीपालनतर्फ किसानको आकर्षण बढ्दै

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिका-७ का सुकबहादुर गुरुङको दैनिकी अहिले मौरीको स्याहारसुसार गर्दै बित्ने गरेको छ। विगत १५ वर्षदेखि व्यावसायिक मौरीपालन गर्दै आउनुभएका गुरुङसँग एक सय २० मौरीका घार छन्।

सुरुका वर्षमा थोरै संख्याबाट सुरु गरेको मौरीपालन व्यवसाय अहिले धेरै विस्तार भएको गुरुङले बताउनुभयो । वर्षामा खाना तथा परजीवीको अभाव हुँदा केही समस्या हुने भए पनि अन्य समयमा मौरीपालन गर्न सहज हुने उहाँको भनाइ थियो । "तालिम लिएपछि व्यावसायिक मौरीपालन गर्न सहज भएको छ", गुरुङले भन्नुभयो, "हिजोआज उत्पादन भएको मह बिक्रीका लागि बजार पुग्नु पर्दैन, घरबाटै बिक्री हुने गरेका छ।"



देवचुली नगरपालिका-९ का किसान विष्णुबहादुर खड्काले पाँच घारबाट सुरु गर्नुभएको मौरीपालन अहिले २१ घार भएका छन् । बाख्रापालनसँगै मौरीपालन गर्दै आउनुभएका खड्काले पहिलोपटक ८४ केजी मह उत्पादन भएको भन्दै दोस्रोपटक एक क्विन्टल २० केजी उत्पादन भएको जानकारी दिनुभयो। "पाँच घारबाट सुरु गरेको मौरीपालन व्यवसायलाई थप वृद्धि गरी २१ पुऱ्याएको छु । आम्दानी पनि मनग्य भएको छ। अर्को वर्ष ५० घार बनाउने लक्ष्य रहेको छ", उहाँले भन्नुभयो।

देवचुली-९ का जस्मती रानाले मौरीपालन गर्न थालेको तीन वर्ष भयो। दुई घारबाट सुरु गर्नुभएको मौरीपालन अहिले १५ घारमा पुगेको रानाले बताउनुभयो । "मौरीपालनबाट राम्रो आम्दानी हुँदै गएकाले सन्तुष्ट छौँ । पहिलो वर्ष एक क्विन्टल र दोस्रो वर्ष दुई क्विन्टल मह बिक्री भयो", उहाँले भन्नुभयो, "प्रतिकेजी रु सात सयका मह बिक्री हुन्छ।"

असार, साउनमा एकपटक चास्नी दिने र रानी उत्पादन गर्दा हेरविचार गरे पुग्ने भएकाले कम समय र मेहनतमा मौरीपालन गर्न सजिलो भएको रानाले बताउनुभयो। एउटा घारबाट वार्षिक ४० देखि ६० केजीसम्म मह उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो।

थोरै लगानीबाट व्यवसाय सुरु गर्न सकिने र अन्य व्यवसायभन्दा सहज हुने भएपछि जिल्लामा मौरीपालनतर्फ किसानको आकर्षण बढ्दै गएको छ। नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा अहिले झन्डै दुई सय किसान मौरीपालन व्यवसायमा आबद्ध रहेका नेपाल मौरीपालक किसान महासङ्घ नवलपुरका अध्यक्ष यदुनाथ कँडेलले जानकारी दिनुभयो। "जिल्लामा पाँच हजार मौरीका घार छन् । बर्सेनि यो व्यवसायमा लाग्ने किसानको सङ्ख्या बढ्दै गएको छ", उहाँले भन्नुभयो, "जिल्लामा वार्षिक करिब ५० मेट्रिक टन मह उत्पादन हुने गरेको छ।"

यो वर्ष जिल्लामा मौरीपालक किसानको सङ्ख्या बढेकाले मह उत्पादन पनि वृद्धि हुने अनुमान गरिएको कँडेलले बताउनुभयो । उत्पादित मह स्थानीय बजारका साथै छिमेकी जिल्लामा खपत हुने गरेको उहाँले बताउनुभयो।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)का आठ स्थानीय तहमध्ये कावासोती, देवचुली र गैँडाकोट नगरपालिकामा व्यावसायिक मौरीपालन गर्ने किसानको सङ्ख्या धेरै रहेको अध्यक्ष कँडेलले जानकारी दिनुभयो। मौरीपालनबाट पर्याप्त आम्दानी लिन सकिने भए पनि चरनको समस्या रहेको उहाँको भनाइ थियो।

"स्थानीय रूपमा चरनको समस्या हुँदा विभिन्न ठाउँमा लैजानुपर्ने बाध्यता छ। दाङ, कपिलवस्तु, प्यूठान, सल्यानसम्म मौरी चराउन लैजाने गरिएको छ", कँडेलले भन्नुभयो। तोरी फुल्ने समयमा केही सहज भए पनि अन्य याममा चरनका लागि समस्या हुने गरेको उहाँले बताउनुभयो।

फूल तथा बोटबिरुवा लगाउने क्रम घट्दै जाँदा चरन क्षेत्र साँघुरो हुँदै गएको अध्यक्ष कँडेलको भनाइ थियो । रुदिलो, फापर, फिलिङ्गे, सिलाम, सूर्यमुखी, चिउरीलगायत बोटबिरुवा मौरी चरनका लागि उपयुक्त हुने भए पनि कतिपय बोटबिरुवा पाउनै छाडेको किसान बताउँछन्। किसानले फूल खेती गर्न छाडेकाले मौरीपालक किसानलाई समस्या हुने गरेको छ।रासस

# शारीरिक अपाङ्गता भएका युवराज कृषि कर्ममा रमाउँदै

गलकोट । जन्मदा कुनै शारीरिक दुर्वलता नभएका बागलुङको ढोरपाटन नगरपालिका-१ बुर्तिवाङ बजारका युवराज कँडेलको एक वर्षको उमेरमै खुट्टा भाँचियो । खुट्टाको उपचार राम्रो नहुँदा उहाँ उभिनै सक्नुभएन।

खुट्टा भाँचिदा उपचार नपाएका युवराजको सधैँका लागि अपाङ्गता भयो। ५० वर्षका उहाँ अहिले हात र खुट्टा दुवैको सहाराले सामान्य हिँड्डुल मात्रै गर्न सक्नुहुन्छ। युवराज मात्रै होइन उहाँकी श्रीमतीसमेत शारीरिक आपङ्गता हुनुहुन्छ । ४० वर्षीया ढालकुमारी कँडेलको देब्रेहात छैन। भाँचिएको हात नजोडिँदा ढालकुमारीको देब्रे हात काट्नुपऱ्यो।



श्रीमान् खुट्टाको अपाङ्गता र श्रीमती हातको अपाङ्गता भएपछि आयआर्जन गर्न समस्या भयो । एक छोरी र दुई छोराको परिवार पाल्न अपाङ्गता नै बोझ बन्यो कँडेल दम्पतीलाई । उहाँहरुलाई सामान्य कृषि कर्म गरेर परिवारको गुजारा चलाउन अपाङ्गताले भने छेक्न सकेन।

"श्रीमतीको हात छैन, म खुट्टाको अपाङ्गता, हातले टेकेर हिँड्नुपर्ने बाध्यता मलाई छ, अपाङ्गतालाई गाउँमा बाँच्न समस्या भयो, भिरपाखा कसरी हिँड्ने, सहज खोज्न सहर पस्ने निधो गऱ्यौँ, तर कठिन थियो परिस्थिति", २० वर्षअघिका दिन सम्झँदै युवराजले भन्नुभयो, "रु एक लाखमा आफ्नो भागको पुर्ख्यौली सम्पत्ति बेचेर बुर्तिवाङ बजार आएका हौँ, सामान्य किराना पसल गरेर छाप्रो बनाएका हौँ।"

युवराजको जस्तै खुट्टा भाँचिने समस्या १३ वर्षीय कान्छो छोरा भरत कँडेलमा पनि देखिएको छ । भरत वैशाखीको सहारामा विद्यालय आउने जाने गर्नुहुन्छ । छोराको उपचारका क्रममा चिकित्सकबाट युवराजले टुक्रे र भुरो हड्डीका कारण बाबा र छोरामा यो समस्या आएको सुनेको बताउनुभयो । उहाँका छोराको अपाङ्गता बाल अस्पताल बनेपामा उपचार भएको थियो।

युवराज परिवारका तीन सदस्य अपाङ्गता जेठो छोरी र छोरा भुवन मात्रै सबलाङ्ग हुनुहुन्छ । छोरीको विवाह भइसकेको छभने भुवन कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ । छाप्रो अघि तीन प्लास्टिक टनेल र केही खाली जग्गामा प्याजका बिरुवा बिक्रीका लागि तयारी अवस्थामा थिए। कँडेलले आफ्नो कृषि कर्म देखाउँदै भन्नुभयो, "परिवार पाल्न बाध्य भएर कृषिमा लागे, अधिकारीचौरमा पुर्खाले कृषि नै गरेका थिए, अहिले अधिकारीचौर गाउँ टनेल गाउँ भएको छ, प्याजका बिरुवासहित अन्य तरकारी बिक्री गरेर चारजनाको परिवार धानिँदै आएको छ।"

कँडेल दम्पतीले साह्रो गाह्रो काम अन्य कामदार बोलाएर गर्दै आए पनि तरकारीको स्याहारसुसार भने आफैँ गर्दै आउनुभएको छ। वार्षिक रु १२ हजार भाडा तिर्ने गरी साढे दुई रोपनी जग्गामा अहिले प्याजका बिरुवा उत्पादन भएर बिक्री भइरहेका छन् । अन्य समयमा मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आउनुभएका कँडेल दम्पतीले कृषि पेसा रहरको नभएर जीवन निर्वाहका लागि गरेको बताउनुभयो।

"उपचारको अभावले भाँचिएको हात नलागेपछि अपाङ्गता भयो, भिरपाखामा काम गर्न समस्या भएपछि सहर झरेर किराना पसल गरेका थियौँ, व्यापार राम्रै थियो, कान्छो छोरा जन्मेपछि पुन समस्या थपियो, श्रीमान्को खुट्टा भाँचिने समस्या कान्छो छोरामा देखियो", ढालकुमारीले भन्नुभयो, "बुर्तिवाङ बजारमा छाप्रो बनाउन सहयोग गरेको किराना पसल छोराको उपचारले छोड्न बाध्य भयौँ, तीन महिना अस्पताल बस्नुपर्ने समस्याले पसल छाडियो, अहिले थला परेको छोरो सबैको सहयोगमा उपचारपछि वैशाखी टेकेर हिँड्ने भएको छ।"

कान्छो छोरा भरतको खुट्टाको शल्यक्रिया गर्न रु पाँच लाख लाग्ने भएपछि सहयोग सङ्कलन अभियानमार्फत रु चार लाख जुटेर शल्यक्रिया गरेको युवराजले बताउनुभयो । छोराको खुट्टाको उपचार सहयोग सङ्कलन गरेर गरे पनि दैनिक घर खर्च चलाउन कृषि कार्य गर्दै आएको उहाँको भनाइ छ।

किराना पसल छाडेपछि परिवार हुर्काउनकै लागि कृषिमा लागेको कँडेल दम्पतीको भनाइ छ । "किराना पसल राम्रै चलेको थियो, छोराको उपचारका लागि पटक-पटक अस्पताल धाउँदा समस्या भयो, पसल छाडियो", उहाँले भन्नुभयो, "छोराको उपचार गर्ने खर्च सामाजिक सञ्जाल र मिडियाले जुटाए, तर घर खर्च चलाउन कृषि कर्ममा छौँ, कृषिमा लागेकै आठ वर्ष भयो।"

घर खर्च चलाउन समस्या भएपछि नर्सरी पेसामा अहिले कँडेल परिवार छ । उहाँले शारीरिक अपाङ्गताका बाबजुत व्यावसायिक नर्सरी तथा तरकारीखेती अँगाल्दै आउनुभएको छ। अहिले हात र खुट्टा दुवैले टेकेर हिँड्ने अवस्थामा हुनुभएका युवराजले श्रीमतीको सहारामा प्याजका बिरुवा उत्पादन गरेर बिक्री गर्दै आउनुभएको छ।

उत्पादन गर्नसके बजारको अभाव नभएको बताउँदै उहाँले धेरै उत्पादन गर्न शारीरिक अवस्थाले नसकेको जानकारी दिनुभयो। उहाँले घर नजिकै थोरै जग्गा भए पनि टाढा गएर कृषि गर्न नसक्दा बिरुवा र तरकारीको माग हुँदा पुऱ्याउन नसकिएको बताउनुभयो। कान्छो छोराको देब्रे खुट्टामा स्टिल राखिएको छभने दाहिने खुट्टामा उपचार खर्चको अभावले नै स्टिल राख्न नसकिएको युवराजले बताउनुभयो।

कान्छो छोराको अहिलेसम्म छपटक खुट्टा भाँचिएको उहाँले जानकारी दिनुभयो । अहिले उहाँका छोराले वैशाखीको सहाराले हिँड्डुल गरे पनि विद्यालय जान/आउन दाइको सहारा चाहिने गरेको छ । कान्छो छोराको उपचारमा मात्रै हालसम्म रु १३ लाखभन्दा बढी रकम खर्च भइसकेको बुबा युवराजले बताउनुभयो।

# चिचर र घोगी घरबासका पहिचान

त्रिवेणी । नवलपुरका घरबास (होमस्टे) मा आउने पर्यटकलाई चिचर (अनदीको चामल पानीको बाफले उसिनेर पकाएको परिकार), घोगी र माछाका परिकारले आकर्षित गरेको छ । घरबास सञ्चालकले चिचर, घोगी र माछाका परिकारले नै उनीहरुको स्वागत गर्ने गरेका छन् । चिचर, घोगी र माछा अब यहाँको थारू समुदायले सञ्चालन गरेका घरबासको पहिचान बनेको छ।

नवलपुरमा सञ्चालित अमलटारी, चिलाहा रतवल, पिप्रहर, शिसवार माझी मुसहर सामुदायिक घरबासलगायतका घरबासमा आउने पाहुनाले स्थानीय परिकारमा चिचर, घोगी र माछाका परिकार नै रोज्ने गरेका पाइएको छ । "हाम्रो घरबासमा आउने पाहुना आफैँले चिचर खोज्नुहुन्छ, हामीले दैनिकजसो चिचर पकाउने गरेका छौँ", अमलटारी सामुदायिक घरबासका सञ्चालक नरबहादुर महतोले भन्नुभयो, "थारू समुदायले खाने परिकार हिजोआज पर्यटकको रोजाइ बनेका छन्।"

चिचरसँगै नुमैचा (भुटेर तयार पारिएको नुन खुर्सानीको धुलो) समेत घरबासमा आउने पाहुनाको रोजाइमा पर्ने गरेको महतोले बताउनुभयो। घरबासमा पर्यटकलाई बिहानको खाजामा सधैँजसो चिचर, नुमैचा र माछा पस्किने गरिएको छ । "अमलटारी घरबास भन्ने बित्तिकै पाहुना चिचर, घोगी र माछा सम्झिन्छन्", अमलटारी घरबासका अध्यक्ष प्रेमशङ्कर मर्दनिया थारुले भन्नुभयो। थारू समुदायको प्रचलित परिकार घरबासको समेत पहिचान बनेको उहाँले बताउनुभयो । नेपाल घरबास एसोसिएसनका केन्द्रीय अध्यक्षसमेत रहनुभएका मर्दनिया थारूका अनुसार स्थानीय परिकारको संरक्षण र बजारीकरणमा घरबासले सहयोग पुऱ्याएको छ । साथै ती घरबासलाई स्थानीय परिकारले समेत चिनाउन भूमिका निर्वाह गरेको छ।

"घरबासले स्थानीय रहनसहन र खानपानलाई बजारीकरण त गऱ्यो नै, बजारीकरण कै क्रममा नवलपुरका घरबासको पहिचान चिचर, घोगी र माछा बन्यो", मर्दनियाले भन्नुभयो, "घरबासलाई थारू परिकारले समेत चिनाएको छ।"

चिलाहा रतवल घरबासका अध्यक्ष नन्दप्रसाद महतोका अनुसार घरबासमा आउने सबैजसो पर्यटकले स्वादका लागि समेत नयाँ परिकार मानेर चिचर खाने गरेका छन् । थारू समुदायले सञ्चालन गरेका घरबासमा मात्रै प्रायः चिचर, नुमैचा, घोगीजस्ता परिकार पाइने हुँदा अन्यत्रबाट आउने पाहुनाका लागि फरक स्वाद हुने उहाँले बताउनुभयो। रासस

# धनुषाधाममा एक महिने मकर मेला सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाममा माघे संक्रान्तिको अवसरमा लाग्ने एक महिने मकर मेला सोमबारदेखि सुरु भएको छ । प्रत्येक वर्ष माघ १ गतेदेखि लाग्दै आएको धनुषाधामको मकर मेला यस क्षेत्रको सबैभन्दा प्रख्यात मेला रहेको छ।

जनकपुरधामदेखि करिब १९ किलोमिटर उत्तरपूर्वमा रहेको धनुषाधामको मेलामा नेपाल तथा छिमेकी देश भारतका गरी लाखौँको संख्यामा दर्शनार्थीको सहभागिता रहने गर्दछ। धनुषाधाम मन्दिरमा अरू दिन पनि भक्तजनहरू आउने गरेको भए पनि अन्य दिनको तुलनामा मेलामा बढी दर्शनार्थी आउने गरेको मन्दिरका पुजारी स्वामी भरत दासले बताए।

धनुषाधाम मन्दिरमा भगवान् शिवको पिनाक धनुषको पूजापाठ गरी भाकल गरेको खण्डमा चिताएका कुरा पुरा हुने भएकाले दर्शनार्थीहरुको अत्यधिक भीड लाग्ने गरेको छ।

त्रेतायुगमा राजा जनकले छोरी जानकीको विवाहका लागि आयोजना गरेको सीता स्वयंवरमा श्रीरामले वाण चलाउँदा तीन टुक्रा भएको थियो। त्यसमध्ये एक टुक्रा आकाश, अर्को पाताल तथा तेस्रो टुक्रा धनुषधाममा खसेको धार्मिक मान्यता छ।



धनुषाधाममा खसेको धनुषको कालो रङको शिलामाथि अहिले पीपलको रुख छ । उक्त रुख साढे पाँच सय वर्ष पुरानो रहेको विश्वास गरिन्छ। पीपलको बोटमुनि नागको बास रहेको बताइन्छ । अमावस्या तिथिका दिन मध्यरातमा मणिसहितको नाग देखिने र पूरै मन्दिर हरियो रङ्गले रङ्गिने गरेको जनविश्वास छ।

धनुषको मध्य टुक्रा झरेको स्थानमा धनुषबाबाको मन्दिर निर्माणपछि माघमा मकर मेला लाग्ने गरेको छ। भक्तजनले धनुषको टुक्रामा पुष्पजल अर्पण गर्छन् । यहाँ बर्सेनि धनुषको आकार बढ्दै गएको मन्दिरका महन्थ दासको भनाइ छ। यहाँ मंसिरमा रामजानकी विवाहपञ्चमी महोत्सव, फागुनमा मध्यमा परिक्रमा र चैतमा रामनवमीका दिन मेला लाग्छ।

शताब्दियौंदेखि जनविश्वासले गर्दा स्वस्फूर्तरूपमा अध्यात्मिक केन्द्रबिन्दु रहँदै आएको धनुषाधामलाई पर्यटकीय गन्तव्यको रूपमा अगाडि सार्ने काम स्थानीय युवाले गरिरहेको छन्। धनुषाधाममा रहेको धार्मिक महत्वको सरोवरहरूको सरसफाइ गरिएको छ । सरसफाइपछि चिटिक्क देखिएका छन्। स्थानीय युवाहरूले अभियानको रूपमा समूह बनाएर धार्मिक महत्वका धनुष सागर र वाणगङ्गा सरोवरलगायतका स्थानको सरसफाइ गरी पर्यटन क्षेत्रको रूपमा विकास गर्दै आएका छन्। यस्तै, धनुष सागरमा स्नान गरेमा मुसे रोग (अइल्हा) र छारेरोग निको हुने जनविश्वास छ।

# मेयर सिंहमाथिको उजुरीमा छाबिन सुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । 'नक्कली बाबु' बनेर एक किशोरीलाई नागरिकता दिलाएको भन्दै वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा परेको उजुरीमाथि छानबिन थालिएको छ । महानगर प्रमुख नहुँदै ती किशोरीलाई सिंहले नागरिकता दिलाएको आरोप लागेको छ।



उजुरीमा सिंहको एकमात्र छोरा भएको तर नक्कली छोरी बनाई नागरिकता दिलाएको उल्लेख छ । उजुरीमा २०७५ साउन १३ मा ती किशोरीलाई नागरिकता दिलाएको जनाइएको छ। उक्त नागरिकतामा आमाको नाम नखुलाइए पनि बाबुको नाम भने राजेशमान सिंह उल्लेख छ । २०७६ फागुन ८ मा उक्त नागरिकताको प्रतिलिपि झिकिएको छ।

**सिंहविरुद्धको उजुरीबारे कागजात छानबिन थालिएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बताए । यसका लागि सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साललाई जिम्मेवारी तोकिएको छ ।**

सिंहविरुद्धको उजुरीबारे कागजात छानबिन थालिएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बताए । यसका लागि सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साललाई जिम्मेवारी तोकिएको छ। प्रजिअका अनुसार नागरिकता जारी भएको प्रशासनको ढड्डामा उल्लेख छ।

'नागरिकता जारी हुने बेला भरिने अनुसूची र त्योसँगको पूरक कागजात खोजी भइरहेको छ,' प्रजिअ लम्सालले भने, 'नागरिकता जारी भएको ढड्डाचाहिँ प्रशासनको अभिलेखमा छ। उक्त नागरिकता सम्बन्धमा करिब ७ महिनाअगाडि पनि कुरा उठेकाले कागजात कतै परेको हुन सक्छ।'

नागरिकतासम्बन्धी अनुसूची र कागजात अनुसन्धान गरेपछि मात्र कामकारबाही अगाडि बढ्ने उनले बताए । महानगर प्रमुख सिंहले भने नागरिकता प्रकरणको अनुसन्धानमा पूर्ण सहयोग गर्ने र यसको जवाफ सम्बन्धित स्थानमा दिने बताए।

'प्रशासनमा उजुरी परेको छ। अनुसन्धानमा हाम्रो पूर्ण सहयोग रहन्छ,' उनले भने, 'यसबारे सम्बन्धित निकायमै जवाफ दिन्छु।'

# बरहथवामा गोली चलाउने वरिष्ठ हवल्दारलाई सेवाबाट हटाउन सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु । सर्लाहीको बरहथवामा पुस २० मा भएको घटना छानबिन गर्न गठित समितिले प्रतिवेदन बुझाएको छ । समितिका संयोजक सहसचिव थानेश्वर गौतमले आइतबार उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन हस्तान्तरण गरेका छन्।



गृह मन्त्रालयको नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिव गौतम नेतृत्वको समितिले प्रतिवेदन बुझाएको गृह प्रवक्ता नारायण प्रसाद भट्टराईले बताए । उनले भने, 'समितिबाट प्रतिवेदन प्राप्त भएको छ, मन्त्रीज्यूले त्यसलाई कार्यान्वयन गर्छु भनेका छन्।'

बरहथवामा प्रहरीले चलाएको गोली लागेर जयशंकर शाहको मृत्यु भएको थियो। समितिले गोली प्रहारमा संलग्न वरिष्ठ हवल्दार सोनेलाल यादवलाई सेवाबाट हटाउन सिफारिस गरेको छ। इलाका प्रहरी कार्यालय बरहथवाको हवल्दार मेजर पदमा कार्यरत सोनेलालले गोली प्रहार गरेको छानबिन समितिको निष्कर्ष छ।

वरिष्ठ हवल्दार यादवलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिनेगरी सेवाबाट हटाउन छानबिन समितिले सिफारिस गरेको गृह मन्त्रालयका एकजना उच्च अधिकृतले बताए।

छानबिन समितिले इलाका प्रहरी कार्यालय बरहथवामा कार्यरत डिएसपी गंगा थापालाई सरुवा गर्न सिफारिस गरेको छ। समितिको सिफारिसको आधारमा प्रहरी प्रधान कार्यालयले थापालाई काज सरुवा गरेर उनको स्थानमा मुक्तिनाथ सापकोटालाई पठाउने निर्णय गरेको छ।

नगर अस्पताललाई स्तरोन्नती गरेर प्रदेशलाई हस्तान्तरण गर्ने विषयमा विवाद हुँदा भिड नियन्त्रण गर्न खटिएका सुरक्षाकर्मीले गोली चलाएका छन् । जयशंकरको मृत्युपछि आन्दोलनरत पक्ष र स्थानिय प्रशासनबिच ११ बुँदे सहमति भएको छ।

सहमति सँगै पाँचदलिय गठबन्धनले आन्दोलनका कार्यक्रम स्थगित गरेका थिए । नेपाली कांग्रेस, जसपा, लोपसा र जनमत पार्टी सहित ५ दलले अस्पतालको विषयलाई लिएर आन्दोलन गरेका छन्।

# गोपाल गिरी पत्रकारिता पुरस्कार पासवानलाई



**टुडे समाचारदाता**

वीरगञ्ज । यस वर्षको गोपाल गिरी स्मृति पत्रकारिता पुरस्कार पर्साका पत्रकार वृजलाल पासवानलाई प्रदान गरिएको छ। नेपाल पत्रकार महासङ्घ पर्सामा सोमबार आयोजित एक कार्यक्रममा नेपाली कांग्रेसका नेता अजयकुमार चौरसियाले पत्रकार पासवानलाई नगद ५० हजार तथा कदरपत्र सहितको उक्त पुरस्कार प्रदान गरे।

त्यस अवसरमा महासङ्घका सचिव दीपेन्द्र चौहानले नेपालको पत्रकारिता क्षेत्रको विकासका लागि गोपाल गिरीले गरेको योगदानको चर्चा गरे । पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीको सभापतित्वमा भएको उक्त कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषाल, पर्सा महासङ्घका पूर्व अध्यक्ष अशोक तिवारी, स्व गिरीका सुपुत्र गिरिश गिरी, प्रहरी उपरीक्षक कोमलविक्रम शाह, सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्यले नेपालको राजनीनितिक क्षेत्रमा निर्वाह गरेको भूमिकाको स्मरण गरेका थिए।

नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका तत्कालीन अध्यक्ष गोपाल गिरीको २०६० साल माघ १ गते विद्रोही समूह माओवादीले हत्या गरेको थियो।

# तिलासंक्रान्ति सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलामा सोमबार तिलासंक्रान्ति पर्व सम्पन्न भएको छ । माघे संक्रान्तिका दिन मनाइने यो पर्वमा घरघरै 'लाई' (तील, चिउरा, मुरी र जुनेलाका सख्खरको खुँदोमा मिलाएर बनाइएका लड्डु) खाने, ख्वाउने परम्परा छ।



मिथिला क्षेत्रमा मकर संक्रान्ति पनि भनिने यो पर्वमा 'मकर स्नान' को धार्मिक महत्व छ । हिन्दू परम्पराका मैथिल (मिथिलाका बासिन्दा) यो पर्वमा बिहानै धार्मिक महत्वका नदी, तलाउमा नुहाएर अब जाडो हराउने कामना गर्छन् । माघ लागेपछि हुस्सु, तुवाँलो हटेर घाम लाग्न थाल्छ। नयाँ परिकार खाने ख्वाउने चलनले यो पर्व उल्लासपूर्वक मनाउने गरिन्छ।

पर्वमा घरघरै चिउरा, दही, सख्खर र विभिन्न प्रकारका लाई खाने, खुवाउने परम्पराले यो पर्व आपसी भेटघाट र रुमाइलोको अवसर मानिन्छ। पर्वमा मासको दाल, अरवा चामल र घ्यूमा पकाइएको खिचडी खास परिकार मानिन्छ। पर्वका लागि बनाइएका परिकार बिहान मकर स्नानपछि ब्राह्मण, पुरोहितलाई दान गरेपछि ग्रह, दशा हट्ने र राम्रा दिन सुरु हुने विश्वास रहिआएको छ।

तिला संक्रान्तिका दिन सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने र यसै दिन उत्तरायण सुरु हुन्छ। माघ संक्रान्तिदेखि असार मसान्तसम्म रहने उत्तरायण अवधिमा दिन लामा र रात छोटा हुने गर्छन्। मिथिलामा बसोबास गर्ने आदिवासी थारु समुदायको तिलासंक्रान्ति मुख्य पर्व हो । पश्चिमका थारु समुदायको सिको गर्दै यहाँ पनि यस पर्वलाई 'माघी' भन्न थालिएको छ। यसै दिन थारुको नयाँ वर्ष प्रारम्भ हुन्छ। थारु समुदायको मुख्य पर्व हुँदा यसको विशेष तयारी हुने गर्छ । थारु परम्परामा मासुका विभिन्न परिकार खाने खुवाउने चलन छ। यसैगरी पर्वते मूलका मगर पनि माघेसङ्क्रान्तिलाई मुख्य पर्वका रुपमा मनाउँछन्। मिथिलामा तिलासंक्रान्ति पर्वको सनेस छोरीचेली, मितमितिनी र इष्टमित्रकहाँ पुऱ्याउने पर्व मनाएसँगै केही दिन यो क्रम चल्छ । सख्खर, तील, घ्यूजस्ता परिकार खाने चलन छ।

# पर्सामा कोरोना सङ्क्रमित भेटिएपछि निगरानी बढाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज। कोरोनाका नयाँ सङ्क्रमित भेटिएपछि भारतसँग सीमा जोडिएको पर्साको वीरगञ्जस्थित नाकामा स्वास्थ्य सतर्कता बढाइएको छ । भारतको विभिन्न स्थानमा कोरोना सङ्क्रमितको संख्या बढ्दै जानाका साथै केही दिनअघि वीरगञ्जस्थित सीमानाकामा नयाँ सङ्क्रमित भेटिएपछि स्वास्थ्य सतर्कता बढाइएको छ।

सीमानाकामा स्वास्थ्य सहायताकक्ष स्थापना गरी भारतबाट आउनेहरुको निरीक्षण र निगरानी गन थालिएको छ। भारतबाट रेल, बस र निजी सवारी साधनमा आउने यात्रुलाई स्वास्थ्य सहायताकक्षमा एन्टिजेन विधिबाट कोरोना परीक्षण गरी भित्रिन दिने गरिएको वीरगञ्ज महानगरपालिकाका स्वास्थ्य शाखा संयोजक अनिल यादवले जानकारी दिए । उनका अनुसार महानगरले सञ्चालन गरेको हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मीले भारतबाट यात्रा गरेर आउनेलाई सुरुमा स्क्रिनिङ गरी ज्वरो वा खोकीको लक्षण देखिएकाको एन्टिजेन परीक्षण गर्ने गरेका छन्।

संयोजक यादवले गत पुस १ गतेदेखि सञ्चालित उक्त हेल्थ डेस्कमा हालसम्म पाँच हजार दुई सय पाँचजनाको स्क्रिनिङ गरिएको जानकारी दिए। जसमध्ये दुई सयमा एन्टिजेन परीक्षण गर्दा गत बुधबार दुई भारतीय र एकजना नेपालीमा कोरोना पोजेटिभ देखिएको उनले बताए।

भारतबाट आउने सबैको स्वास्थ्य जाँच गर्न सम्भव नभएकाले रेल, बस वा निजी सवारीमा आउनेहरुको स्क्रिनिङ गर्ने गरिएको र त्यसमध्ये शङ्कास्पद व्यक्तिको मात्र एन्टिजेन परीक्षण गर्ने गरिएको यादवको भनाइ छ। एन्टिजेन परीक्षणमा कोरोना पोजेटिभ देखिएकालाई होम आइसोलेसनमा पठाउने गरिएको उनले बताए।

हेल्थ डेस्कमा हाल दुई स्टाप नर्स, तीन हेल्थ असिस्टेन्ट, दुई ल्याब टेक्निसियन र एक ल्याब असिस्टेन्ट गरी आठजना स्वास्थ्यकर्मी परिचालन गरिएको महानगरको स्वास्थ्य शाखाले जनाएको छ । पछिल्लो केही समययता भारतको गोवा, महाराष्ट्र, कर्नाटक, तेलागनलगायत राज्यमा पुनः कोरोना सङ्क्रमण फैलिन थालेपछि भारतीय सीमासँग जोडिएका क्षेत्रमा स्वास्थ्य सतर्कता बढाइएको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ।

### होल्डिङ सेन्टर तयारी अवस्थामा

वीरगञ्जस्थित सीमानाकामा स्थापना गरिएको होल्डिङ सेन्टर तयारी अवस्थामा राखिएको छ । कोभिड- १९ को पहिलो लहर फैलिएपछि सरकारको विसं २०७८ वैशाख ५ गते मन्त्रिपरिषद्को निर्णयअनुसार कोरोना रोकथाम तथा नियन्त्रणको उद्देश्यका साथ यहाँस्थित सीमानाकामा होल्डिङ सेन्टर निर्माण गरिएको थियो।

निर्माण गरिएको होल्डिङ सेन्टर तयारी अवस्थामा राखिएको वीरगञ्ज महानगरका स्वास्थ्य शाखा संयोजक यादवले जानकारी दिए। कोरोनाको पहिलो तथा दोस्रो लहरमा क्वारेन्टिन अभावका कारण विद्यालय र कलेजलाई क्वारेन्टिन बनाइएको भन्दै आलोचना भएपछि निर्माण गरिएको होल्डिङ सेन्टरलाई अहिले नेपाली सेनाले सुरक्षा दिएर राखेको उनको भनाइ थियो।

भारतबाट आएकालाई क्वारेन्टिनमा राख्नका लागि पर्सामा करिब २८ करोडको लागतमा कुल ६० भवन निर्माण गरिएका यादवले जानकारी दिए । उनका अनुसार उक्त भवनमा १३ भान्सा घर र २२ शौचालय बनाइएका छन्।

उक्त क्वारेन्टिनमा एक हजार शैय्या छन् । जसमध्ये नौ सयमा सामान्य लक्षण भएकालाई र एक सय शैय्यामा जटिल अवस्थाका बिरामीलाई राखिने छ । त्यस्तै, अन्य तीन वटा एसिसहितका भवन अनुगमन गर्न आउने सरकारी प्रतिनिधिका लागि निर्माण गरिएको संयोजक यादवले बताए।

# जनकपुरधाममा सामूहिक भोज

**टुडे समाचारदाता**

जनकपुरधाम । तिला संक्रान्तिको अवसरमा जनकपुरधाममा खिचडी भोजको आयोजना गरिएको छ। जनकपुरधाम स्थित जानकी चोकमा अंगराज सर सागर (अरगज्जा) पोखरीको डिलमा सामूहिक खिचडी भोजको आयोजना गरिएको छ।



जानकी यूवा क्लबको आयोजनामा विगत १२ वर्षदेखि खिचडी भोजको आयोजना गरिएको युवा अगुवा सुशील कर्णले बताए।

धार्मिक सांस्कृतिक तथा यूवाहरु बीचमा हुनुपर्ने भाईचाराको सम्बन्धलाई जोगाउनका लागि माघे संक्रान्तिको अवसरमा सामूहिक भोजको आयोजना हुँदै आएको उनले बताए।

खिचडी भोजमा मिथिला संस्कृतिको जगेर्नासंगै विस्तारको लागि यस भोजलाई विगत १२ वर्षदेखि निरन्तरता दिदैं आएको स्थानीय किसन मण्डलले बताए।

भोजमा खिचडी, पापड, अचार, दही, चिनी, घ्यू, तीलको लड्डू लगायतका परिकारको व्यवस्था गरिएको थियो। सामूहिक भोजमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, स्थानीय उद्योगी, व्यवसायी, स्थानीय सञ्चारकर्मी तथा समाजसेवीहरुको सहभागिता रहेको थियो।

# रहस्यमय घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक दम्पतिमाथि रहस्यमय घटना हुँदा एक जनाको मृत्यु भएको छ।



धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका एक युवक राधे सहनीको रहस्यमय ढंगले मृत्यु भएको छ भने उनकी श्रीमती गम्भीर घाइते अवस्थामा फेला परेकी छन्।

महोत्तरीको लोहारपट्टी नगरपालिका वडा नम्बर ३ महदैया का राधे सहनी मृत फेला परेका छन्। उनकी श्रीमती अस्मिता सहनी भने गम्भीर घाइते अवस्थामा रहेको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी दिएका छन्।

प्रहरी निरीक्षक कार्कीले धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ३ स्थित पकडियामा रहेको गहुँ खेतमा राधे मृत फेला परेका थिए । श्रीमती अस्मिता सहनीको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ।

चार महिनाअघि राधे र अस्मिताले प्रेम विवाह गरी क्षीरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा डेरामा बस्दै आएका थिए।

डेराबाट घुमफिर गर्नका लागि साथीहरुसंग निस्केका राधे मोटरसाइकल दुर्घटनामा परेको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको धनुषा प्रहरीले जनाएको छ।

भूकम्पको जोखिमबाट बच्ने उपाय ।

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी टंयाकी नहल्ने र नखस्ने गरी बलियोसंग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८